## ABOUT LBEF

Founded in 1998, the Lord Buddha Education Foundation (LBEF), a Non-Profit, Non-Government Organization has a well-established tradition of excellence across a broad range of academic disciplines.

From its humble beginnings, the college has made steady progress and today stands as one of the leading colleges in Nepal with currently over 1000 students, above 12,000 students have already graduated from LBEF CAMPUS .

LBEF, a brainchild of an educationist and social worker, Late Parmanand Kejriwal. LBEF Group of Institutions was established to create a new education environment in Nepal and to make quality education available at reasonable. LBEF Campus is the first private institution to start bachelor's degree programme in computer applications & Information Technology. Because of this great achievement, LBEF Campus is known as "The First IT College of Nepal" .

Currently, LBEF offers UG and PG programmes in academic collaboration with Asia Pacific University of Technology and Innovation, Malaysia. Under this collaboration, a Nepalese student can enroll for selected APU programmes of higher studies under stringent quality evaluation and monitoring procedures supervised by APU.

## EVOLVE TOGETHER, EMPOWER FOREVER.

At LBEF, we embrace a motto that encapsulates the spirit of growth and transformation not only within our student body but throughout our entire institution. We firmly believe that the journey of evolution is not limited to students alone; it permeates every facet of our campus.

From our dedicated staff to our passionate faculty, we understand that each individual has the capacity to evolve in their own unique way. By fostering an environment of constant learning, collaboration, and personal development, we strive to cultivate a community where everyone can thrive, progress, and ultimately realize their fullest potential.




BLOCK 'A'




BLOCK 'B'




BLOCK 'C'




BLOCK 'D'




BLOCK 'E'




*(Purposed)*

# LBEF

THE FIRST IT COLLEGE OF NEPAL

**L** — **LEADING**
Proactively

**B** — **BOLDNESS**
That comes from trusting oneself to think and experiment beyond what is conventional

**E** — **EFFECTIVENESS**
In implementing new ideas by actively looking for and valuing feedback

**F** — **FUTURISTIC**
Thinking by continually challenging and upgrading oneself



## OUR VISION & MISSION

**Our vision** is to be the leading educational institution that creates an environment that fosters creativity, critical thinking, and innovation to produce leaders who are equipped to tackle future challenges.

**Our mission** is to provide an engaging and supportive learning environment that empowers our students to LEAD proactively with BOLDNESS, EFFECTIVENESS, and FUTURISTIC thinking.



## OUR COMMITMENT

'All good things & ideas have a beginning.'



At LBEF, we have sown the seed of knowledge that has been growing into a large beautiful tree and has been providing knowledge to all. We firmly believe education is an integral part of growing process. It is therefore our constant endeavor to provide the best of facilities and resources to the student community. There are only two lasting bequests we can hope to give to our children, one being the roots and the other, wings; 'both of which can be achieved only through sound education, towards which we are morally bound'.

## OUR PROMISE

Together with our top-notch faculty, we provide a nurturing environment to help students evolve into leaders who think boldly, make effective choices and are well-equipped with futuristic mindset and skills.



# रेशमीयात्रा लर्डबुद्धको

जनकपुरमा जन्मिनुभएका परमानन्द केजरीवालले विशेष परिस्थितिका कारण केही समय भारतमा बिताउनुपर्‍यो । जन्मूभूमिमा फर्किनुभएपछि स्वदेशलाई नै कर्मभूमि बनाउने इच्छाले जनकपुरको भानुचोकस्थित आफ्नो घरमा कम्प्युटर इन्स्टिच्युट स्थापना गर्नुभयो । कुरा सन् १९९८ को हो । त्यो बेला सूचना प्रविधिसम्बन्धी शिक्षाको आवश्यकता र महत्व बढ्दै गएको थियो । जनकपुरमा लर्ड बुद्ध एजुकेसन फाउन्डेसन स्थापना भयो । कम्प्युटरसम्बन्धी सामान्य तालिम दिइन्थ्यो । तालिमको अवधि एक हप्ता वा १५ दिन वा एक महिनाको हुन्थ्यो । सुरुमा १० वटा जति कम्प्युटर थिए । दुई वटा कोठालाई प्रयोग गरिएका थिए । प्रशिक्षक स्वदेशमा उपलब्ध नहुने भएकाले भारतबाट ल्याइएका थिए । दुई जना प्रशिक्षक थिए ।

भतिजा पंकज जालान नेपालगन्जमा जागिरे हुनुहुन्थ्यो । सिभिल इन्जिनियर पंकज जालान कालिका कन्स्ट्रक्सनको परियोजनामा संलग्न हुनुहुन्थ्यो । उहाँलाई काम गराइ त्यति चित्त बुझिरहेको थिएन । काका परमानन्द केजरीवालले ‘किन अर्काको जागिरे हुनुपर्‍यो ? नेपालमा आइटी कलेज छैन, बरु यसलाई नै आइटी कलेजका रूपमा विकास गरौँ’ भनेर प्रस्ताव अगाडि सार्नुभयो । पंकज जालानमा पनि केही गर्नुपर्छ भन्ने हुटहुटी थियो । काका-भतिजाको कुरा मिल्यो । लगत्तै दुवै जनाको काठमाडौँमा भेट भयो ।

इन्दिरा गान्धी खुला विश्वविद्यालयको शैक्षिक कार्यक्रमबाट यात्रा थालनी भयो । अनलाइनबाट पढ्न मिल्ने दूर शिक्षा थियो त्यसबेला । केही विद्यार्थी भर्ना भए । त्यो बेला नेपालमा वैदेशिक शिक्षाको अनुमति दिइएको थिएन । दूरशिक्षाको कार्यक्रम उपयुक्त लागेन । औपचारिक शिक्षा नै थालनी गर्नुपर्छ भन्नेमा दुवै जना सहमत हुनुभयो । सन् १९९९ जुलाइ तिरको कुरा हो, भारतको भोपालस्थित माखनलाल चतुर्वेदी राष्ट्रिय पत्रकारिता एवं सञ्चार (एमसिआरपी) विश्वविद्यालयबाट बिसिए कार्यक्रमको थालनी गर्ने निचोड निकाल्नुभयो ।

## अनुमति लिन सङ्घर्ष

विदेशी विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न कसले अनुमति दिने भन्ने अन्योल थियो । किनकी त्यसअघि उच्च शिक्षामा कुनै शिक्षण संस्थाले अनुमति पाएको अवस्था थिएन ।उहाँहरू त्रिभुवन विश्वविद्यालयमा पुग्नुभयो । नवीनप्रकाशजङ्ग शाह त्रिविका उपकुलपति हुनुहुन्थ्यो । यसलाई परीक्षण परियोजनाका रूपमा लिन आग्रह गर्दै उहाँहरूले उपकुलपति शाहलाई ‘हामी विदेशी विश्वविद्यालयको कार्यक्रम सञ्चालन गर्छौं, तपाईंहरू गभर्निङ बडी वा अभिभावकका रूपमा रहनुहोस्’ भन्नुभयो । उपकुलपति शाहले ‘यस्तो गर्न नियममा छैन’ भन्नुभयो । उहाँहरूले यस्तो सहकार्य विश्वभरि छ भनेर सुनाउनुभयो । तर त्रिवि थप कुरा सुन्न चाहने । उहाँहरू निरास हुँदै फर्किनुभयो ।

अठोट पूरा गरिछाड्नेमा काका-भतिजा प्रष्ट हुनुहुन्थ्यो । शिक्षामन्त्रालयमा पुग्नुभयो । त्यसरी विदेशी विश्वविद्यालयको सम्बन्धन लिएर कलेज स्थापना गर्न पाइने कुरा कुनै पनि कानुनको कुनै कुनामा उल्लेख थिएन । आवश्यक मार्ग निर्देशन दिन हुन भनेर उहाँहरू शिक्षा मन्त्रालयको ढोका ढकढक्याउन पुग्नुभयो । मन्त्रालयका पदाधिकारीले ‘कानुन छैन तर चलाउनुहोस् कुनै फरक पर्दैन’ भनेर मौखिक रूपमा भने । त्यो एक खालको मौन स्वीकृति जस्तै थियो । बरु मन्त्रालयबाट ‘सो संस्थाबाट यस्तो पत्र प्राप्त भयो, सम्बन्धित निकायमा सम्पर्क राख्न निर्देशानुसार अनुरोध छ’ भनेर पत्र उपलब्ध हुनसक्यो । सम्बन्धित निकाय कहाँ ? त्यो स्पष्ट पनि थिएन । स्वभाविक हो, सम्बन्धित निकाय शिक्षा मन्त्रालयबाट अरू हुनसक्ने पनि थिएन । मन्त्रालयको मौन स्वीकृतिका आधारमा कलेज सञ्चालन गर्न थालियो ।

शिक्षामन्त्री गोविन्दराज जोशी हुनुहुन्थ्यो । उहाँलाई भेटेर ‘कलेज खोल्न त खोलियो,काम सुरु पनि गरियो, काम पनि ठिक भइरहेको छ तर यसले कानुनी रूपमा मान्यता नपाउँदा भोलि समस्या आउन सक्छ’ भन्दै यस्ता कलेजको स्वामित्व लिइदिन अनुरोध गर्नुभयो । कमिटी बनाएर विदेशी विश्वविद्यालयलाई नियमन गर्न निर्देशिका बनाउने कुरामा सहमति भयो । काम गर्दै जाँदा समय पनि लाग्यो । त्यस्तो निर्देशिका जारी हुन समय पनि लाग्यो । त्यो बेला एनपी साउद शिक्षाराज्यमन्त्री हुनुहुन्थ्यो । आमोदप्रसाद उपाध्याय मन्त्री थिए गोविन्दराज थिएनन् ।

ठूलो उपलब्धि थियो निर्देशिका जारी हुनु । प्रयासले ठूलो सफलता प्राप्त भएकै थियो । उहाँहरूले नियमअनुसार आवेदन दिनुभयो । निर्देशिका जारी भइसक्दा पनि मन्त्रीले अनुमति दिन चाहँदैनन्। प्राथमिकतामा पनि नपरेर त्यस्तो हुनसक्छ । त्यसै बखत शिक्षा मन्त्रालयको उच्च शिक्षा महाशाखाको नेतृत्व गर्न सहसचिव लवप्रसाद त्रिपाठी आइपुग्नुभयो । उहाँ सकारात्मक देखिनुभयो ।

समिति गठन गरियो । समितिले अनुगमन गर्न जाने व्यवस्था थियो । त्यसैअनुरूप उहाँले अनुगमनका लागि जाने जनाउ दिनुभयो । उहाँ अनुगमनका लागि कलेजमा पुग्दा विशाल पानी पर्‍यो । टिनको छानाका टहरो भएकाले पुस्तकालयलगायतमा पानी चुहियो । तत्कालीन सहसचिव त्रिपाठीले ‘यस्तै चुहिनेमा पढाउने हो बच्चाहरुलाई ?’ भन्नुभयो । पंकज जालानले‘स्वीकृति दिनुहोस्, ग्यारेन्टी दिन्छौं दुई वर्षभित्र पक्की भवन हुनेछ’ भन्नुभयो । सहसचिव त्रिपाठीले विश्वास गर्नुभयो । नयाँ काम थियो । प्रोत्साहन गर्नुपर्ने थियो । निकै सकारात्मक रूपमा लिइदिनुभयो । उहाँले सकारात्मक प्रतिवेदन दिनुभयो ।

फाइलमन्त्रीको कोर्टमा पुग्यो । संयोगले शिक्षामन्त्री विमलेन्द्र निधि हुनुहुन्थ्यो । बालकृष्ण खाड शिक्षाराज्यमन्त्री । उहाँहरूलाई भेटेर बेलिविस्तार लगाउनुभयो । परमानन्द केजरीवाल र पंकज जालानले ‘हामीलाई अनुमति दिनुहोस्, हामी काम गरेर देखाउँछौं’

भन्नुभयो । शिक्षामन्त्री निधिले पत्याउनुभयो पनि । पहिलो बैठक बस्यो । पहिलो बैठकमा अर्को एउटा संस्थासहित लर्डबुद्धले सञ्चालन स्वीकृति प्राप्त गऱ्यो ।

एमसिआरपी विश्वविद्यालयमा सीमित कार्यक्रम थियो । कार्यक्रम धेरै र सहयोग पनि बढी भएकाले सिक्किम मणिपाल विश्वविद्यालयसँग आबद्ध हुने निर्णय लर्डबुद्धले गऱ्यो । अर्को संस्था दर्ता गर्नुभयो । कलेज फर प्रोफेसनल स्टडिज नामक भगिनी संस्था स्थापना भयो । भवनको सङ्ख्या थपिएकाले दुई वटा संस्थाका कार्यक्रम सञ्चालन गर्न त्यति समस्या भएन । मणिपालले भिस्याटबाट अनलाइन क्लास सञ्चालन गरिदिन्थ्यो । यो कुरा नेपालका लागि त्यतिखेर नौलो कुरा थियो । शैक्षिक सामग्री वेबसाइटमा पनि राखिदिन्थ्यो । शैक्षिक सामग्री पनि पठाइदिन्थ्यो । त्यसबाट विद्यार्थीलाई सहयोग मिल्यो । दूर शिक्षा भए पनि नियमित कक्षा सञ्चालन गर्न सम्भव भयो ।

एमसिआरपी विश्वविद्यालयको पहिलो र दोस्रो सेमेस्टरको परीक्षा यहीँ भयो । तेस्रो पटकमा त्यहाँका रजिष्ट्रारले परीक्षा केन्द्र गोरखपुर कायम गरिदिए । कसैले उनलाई नेपालको सीमाबाट गोरखपुर एक सय किलोमिटरको दूरीमात्र भएको भनिदिएछ । तर उनले काठमाडौँबाट त टाढा पर्छ भन्ने हेक्का नराख्दा यस्तो स्थिति सिर्जना भयो। परीक्षाको दुई दिनअघिमात्र गोरखपुर परीक्षा केन्द्र कायम भएको थाहा भयो । आपत पऱ्यो । विद्यार्थीहरू नजाने भन्न थाले । बैठक बोलाइयो । आतेजाते र खानेबस्ने खर्च कलेजले नै व्यहोरिदिने र केही अभिभावक पनि साथमै जान पाउने सहमति भयो । ठिक त्यसैबेला प्रकाश केजरीवाल पनि लर्डबुद्धमा आबद्ध भइसक्नुभएको थियो । उहाँ परमानन्दका छोरा हुनुहुन्थ्यो । पंकज जालान र प्रकाश केजरीवाल पनि गोरखपुर जानुभयो । दुई वटा बस लगिएको थियो । पंकज जालानफर्किनुभयो, प्रकाश केजरीवालले परीक्षा नसकियून्जेल विद्यार्थी र अभिभावकको व्यवस्थापन गर्नुभयो । त्यसपछिका वर्षमा भारतीय दूतावासमा रहेको केन्द्रीय विद्यालयमा परीक्षा सञ्चालन गर्ने व्यवस्था गरियो ।

## समकक्षताका लागि सङ्घर्ष

कलेज सञ्चालन स्वीकृति त प्राप्त भयो तर समकक्षताको समस्या टुङ्गो लागिसकेको थिएन । काठमाडौँ विश्वविद्यालय भारतकै एसोसिएसन अफ इन्डियन युनिभर्सिटिजको सदस्य हो । सदस्य एउटा विश्वविद्यालयले अर्को सदस्य विश्वविद्यालयलाई मान्यता दिनुपर्ने नियम छँदै थियो । लर्डबुद्धले काठमाडौँ विश्वविद्यालयका तत्कालीन उपकुलपति डा. सुरेशराज शर्मालाई पत्र लेख्यो । सो विश्वविद्यालयले लर्डबुद्धले सम्बन्धन लिएका विश्वविद्यालयलाई मान्यता दिने स्पष्ट जवाफ दियो । बल्ल टेक्ने एउटा आधार त भयो ।

अब त्रिभुवन विश्वविद्यालयको मान्यता पनि चाहिने भयो । त्रिवि यस बारेमा बुझ्नै चाहन्न । सम्बद्ध पदाधिकारी कुरा सुन्नै चाहँदैनन् । त्यो बेला त्रिविका शिक्षाध्यक्ष प्रा.डा. महेन्द्रप्रसाद सिंह हुनुहुन्थ्यो । उहाँ जनकपुरका बासिन्दा हुनुभएकाले पंकजसँग परिचित हुने नै हुनुभयो । पाठ्यक्रम विकास केन्द्रको अध्यक्ष शिक्षाध्यक्ष हुने व्यवस्था छ त्रिविमा । डा. सिंहले पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशकलाई बाटो फुकाइदिन भन्नुभयो तर ती निर्देशक कुरा सुन्न नै नचाहने । निकै गर्दा पनि कार्यकारी निर्देशक कन्भिन्स हुन चाहनुभएन । 'हुन्न' भनेर हलो अड्काइरहने खालका । कारण पनि नभन्ने, उपाय पनि नसुझाउने, मात्र दिनुहुन्न भन्ने मानसिकता उहाँको । उहाँ कुनै पनि हालतमा समकक्षता दिन नमिल्ने अडानमा । संयोग कस्तो पऱ्यो भने ती निर्देशक विरामी भएकै बेला शिक्षाध्यक्ष डा. सिंहले बैठक आह्वान गर्नुभयो । बल्ल समकक्षताको विषय टुङ्गियो ।

एमसिआरपी विश्वविद्यालयको सम्बन्धन प्राप्त भए पनि मणिपाल विश्वविद्यालयको बाँकी नै थियो । प्रा.डा. त्रिरत्न मानन्धरसहितको पाँच जनाको टोलीलाई बाहिर दूर शिक्षाको पढाइ कसरी हुन्छ, हेर्न जानू भनेर शिक्षाध्यक्ष सिंहले अवलोकन भ्रमणमा पठाउनुभयो । टोली भारत र पाकिस्तान पुग्यो । त्यहाँ फर्किएर आएपछि टोलीले दूर शिक्षालाई समकक्षता दिन मिल्ने भनी सकारात्मक प्रतिवेदन बुझायो । सबैले 'हुन्छ' भने पनि त्रिवि व्यवस्थापन विभागले अस्वीकार गऱ्यो । व्यवस्थापन संकायका तत्कालीन डिनले 'म हुन्जेल हुन्छ भन्दैन' भनेर अडान लिनुभयो । संयोगले उहाँ अवकासमा जानुभयो र नयाँ डिन आउनुभयो । उहाँले एक साताभित्र समकक्षता पाउने निर्णय गरिदिनुभयो । अब लर्डबुद्धमा सञ्चालित दुवै विश्वविद्यालयको समकक्षताको समस्या पनि किनारा लाग्यो । हरेक विद्यार्थीले समकक्षताका लागि धाउनुभन्दा संस्थागत रूपमा आवेदन दिने व्यवस्थाका लागि पहल थालियो । संस्थागत समकक्षता दिने निर्देशिका तयार भयो । त्यसमा पनि लर्डबुद्धको भूमिका महत्वपूर्ण रह्यो । पहिलोपटक संस्थागत रूपमा पाउने पनि लर्डबुद्ध नै बन्यो ।

## फेरी अर्को सङ्घर्ष

सन् २०१४ मा एक जना विद्यार्थीले पत्र लिएर कलेज आइपुगे । पत्रमा अष्ट्रेलियन दूतावासले मणिपाल विश्वविद्यालयको डिग्री गैरकानुनी हो भनेर लेखेको रहेछ । लर्डबुद्धका पदाधिकारी छक्क पर्नुभयो । उहाँहरू दूताबासमा पुग्नुभयो । कुराकानी गर्नुभयो । यसरी पत्र लेख्नुको आधार माग गर्नुभयो । दूतावासका ती कर्मचारीले भारतको विश्वविद्यालय अनुदान आयोगलाई सोध्दा उसले दिएको जवाफका आधारमा गैरकानुनी ठहऱ्याइएको जवाफ दिए । उसो भए दस्तावेज दिनुहोस्, मौखिक हामी मान्दैनौँ भनेर भनियो । तर दूतावासका ती कर्मचारीले उल्टै'तिमीहरूसँग कुनै प्रमाण छ भने हामीलाई लेखेर देउ' पो भने ।

त्यो बेला भारत सरकारले प्रान्तीय विश्वविद्यालयले मुलुकभन्दा बाहिर कार्यक्रम सञ्चालन गर्न नपाउने नियम ल्याएको थियो । त्यो नियममा अब उप्रान्त त्यसरी बाहिर सम्बन्धन दिन नपाउने र हालसम्म भएकालाई मान्यता दिनुपर्नेमा अहिलेसम्म प्रदान गरिएका

डिग्रीसमेतले मान्यता नपाउने उल्लेख गरिएको रहेछ । लौ फसाद ! मणिपाल विश्वविद्यालयसँग कुरा गर्दा लिखित रूपमा दिन चाहँदैन, मौखिकमात्र जानकारी दिन्छ । भारतको विश्वविद्यालय अनुदान आयोगले पनि लिखित दिन चाहेन ।

लर्डबुद्धका पदाधिकारी भारत पुग्नुभयो । भारतीय मन्त्री स्मृति इरानीलाई भेट्नुभयो । ती मन्त्रीको कुरा सुन्दा समस्या पार लाग्ला जस्तो देखिएन । एक जना अधिवक्तासँग भेट भयो । उनले रीटमा जानुपर्ने सुझाव दिए । एक अर्का चर्चित अधिवक्ताले जित सम्भव नभएको भनिदिए । अन्य मुलुकमा भएका अभ्यासका बारेमा रातभर प्रमाण जुटाएर भोलिपल्ट उहाँहरू पुनः अधिवक्ताका पुग्दा उनले जित सुनिश्चित छ भनिदिए । बल्ल राहत मिल्यो । पाँच जना नेपाली विद्यार्थीका नाममा सिक्किम उच्च अदालतमा रीट दायर भयो । अदालतले पत्र पठाउँदा पनि विश्वविद्यालय अनुदान आयोगले अटेरी गरिरह्यो । फेब्रुअरीमा रीट दायर गरेकोमा जुनमा सुनुवाइको मिति तोकियो । पाँच दिन बहस चल्यो । त्यसै बेला भूकम्प गयो । अदालतले अहिलेसम्म भएका डिग्रीले मान्यता पाउने र अब उप्रान्त युजिसीको निर्णय मान्य हुने फैसला गऱ्यो । उहाँहरू त्यो फैसला बोकेर अष्ट्रेलियन दूतावासमा पुग्नुभयो तर त्यहाँका कर्मचारीले यो त हाइकोर्टको होइन, प्रान्तीय कोर्ट हो, त्यसैले मान्दैनौँ भन्ने जवाफ दिए । फेरि आपत आइलाग्यो । युजिसीमापुग्नुभयो तर पत्र दिन मान्दैन । वाध्यता नै भयो, अदालतको फैसलाको अवहेलना भयो भनेर सिक्किम जानुभयो । युजिसी भारतीय सर्वोच्च अदालत गयो । सर्वोच्च अदालतले पहिलो सुनुवाइमा युजिसीको अपिललाई अस्वीकृत गरिदियो । उच्च अदालतको फैसलालाई सदर गऱ्यो । बल्ल युजिसीले स्वीकार गऱ्यो । त्यसपछि दूतावासले पनि स्वीकार गऱ्यो ।

अब भारतको सम्बन्धत त्याग्नुपर्छ भन्ने निचोडमा पुग्नुभयो । उहाँहरू मलेसिया पुग्नुभयो । त्यहाँ भएकामध्ये सबैभन्दा राम्रो विश्वविद्यालय छनोट गर्नुभयो । एसिया प्यासेफिक युनिभर्सिटी विश्वविद्यालय छनोटमा पऱ्यो । त्यो विश्वविद्यालयमलेसियाको पहिलो आइटी कलेजका रुपमा स्थापित संस्था रहेछ । एसिया प्यासेफिक इन्स्टिच्युट अफ इन्फरमेसन टेक्नोलोजी भनेर स्थापित कलेज हो त्यो । कुराकानी भयो । सहमति भयो । बीएस्सी आइटी सुरु भयो । त्यसपछि लर्डबुद्धले बाँकी सबै कार्यक्रम स्थगित गऱ्यो ।त्यो बेलासम्म भारतीय विश्वविद्यालयबाट करिब १० हजार पास आउट भइसकेका थिए । सन् २०१५ मा मलेसियाबाट सम्बन्धन प्राप्त गरेपछि बीएस्सी आइटी, एमएस्सी आइटी, बीबीएम, बीबीएम इबिजनेस, र डिसिजन लिडरसिप, एमबीए हाल सञ्चालित छ ।

## आइप्यानको थालनी

विदेशी सम्बन्धन प्राप्त शिक्षण संस्थाका सञ्चालक मिलेर इन्टरनेसनल एजुकेसन प्रोभाइडर एसोसिएसन अफ नेपाल (आइप्यान) स्थापना गर्नुभयो । नेपालीमाअन्तर्राष्ट्रिय शिक्षा प्रदायक सङ्घ नामकरण गरियो ।आइप्यानको पहिलो अध्यक्षका रूपमा पंकज जालान निर्वाचित हुनुभयो । सन् २०१२ ताकाको कुरा होबिबिए तीन वर्ष सञ्चालन गर्न नपाइने कुरा उठ्यो । शिक्षा मन्त्रालयको निर्णयका कारण कतिपयले चार वर्षे कार्यक्रम पनि ल्याए । तत्कालीनशिक्षामन्त्री चित्रलेखा यादवलाई आइप्यानका तर्फबाट सहमत गराइयो । तीन वर्षको हकमा एक हजार पाँच सय पूर्णाङ्क वा १२० क्रेडिट आवर हुनुपर्छ भनियो । समस्या फुकुवा भयो । आइप्यानको पहलमा मन्त्रालयको निर्णयलाई सच्याउन सम्भव भयो । आइप्यानका यो पहिलो उपलब्धि थियो । तीन वर्ष नै कायम भयो । त्यसैबेला निर्देशिका संशोधन भयो । दोस्रो संशोधन गर्ने क्रममा सदस्यका रुपमा प्रतिनिधि राखियो । प्रतिनिधि आइप्यानका तर्फबाट राखियो । आइप्यानले दिएको सुझाव पनि निर्दशिकामा उल्लेख गरियो । यो पनि अर्का उपलब्धि रह्यो ।

उच्चस्तरीय अनुगमन समिति मन्त्रीको अध्यक्षतामा रहने व्यवस्था छ । त्यसमा निजी क्षेत्रको उपस्थिति थिएन । कलेज सञ्चालकमध्ये एक जना राख्ने भनियो । अनुगमन समितिमा निजी क्षेत्रबाट पहिलो सदस्य पंकज जालान हुनुभयो ।

## महिलालाई निःशुल्क तालिम

जनकपुरबाट नै महिलालाई निःशुल्कमा कम्प्युटर तालिम दिने अवधारणा जन्मिएका थियो । घरमा बसेका महिलालाई पत्र टाइप गर्नसक्ने बनाएपछि पनि एक तहको सफलता प्राप्त हुन्छ भन्ने ठानेर महिलालाई निःशुल्क तालिमको थालनी गरियो । लर्डबुद्ध एजुकेसन फाउन्डेसन काठमाडौँमा सुरु गर्दा पनि जनकपुरकै अवधारणालाई अनुकरण गरियो । पोखरामा पनि यसैगरी तालिम प्रदान गरियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० हजार जनालाई कम्प्युटर तालिम दिने परियोजना सुरु गर्दा लर्डबुद्धले त्यसको जिम्मेवारी प्राप्त गर्न सफल भयो । नेपालमा पहिलोपटक कल सेन्टर र मेडिकल ट्रान्सक्रिप्टको तालिमका लागि टेन्डर थियो । काठमाडौँ र पोखराका लागि यो जिम्मेवारी प्राप्त भएको थियो । वीरगन्जमा पनित्यसै बेला अफिस सुरु भयो । त्यसै बेला एक महिने, तीन महिने, छ महिने तालिम निःशुल्क दिन थालियो ।

कतिपयले त्यसभन्दा अगाडि स्नातकमा पनि भर्ना हुन थाले । कतिपयले त्यसै तालिमबाट रोजगारी पनि पाए । एक हप्ते तालिमले कम्प्युटर फोयिबा हटाउने काम गऱ्यो । त्यो बेला माउस छुन डर लाग्ने अवस्था थियो । जनचेतना अभिवृद्धिका लागि गरिएको तालिमले राम्रो काम गऱ्यो ।

सन् २०१६ बाट कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान)सँग कुरा गरेर हरेक प्रदेशबाट एक जना महिलालाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउन थलियो । क्यानको सिफारिसमा हरेक प्रदेशबाट एक जना महिलालाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने चलन अहिले पनि छ । फारामको रकम पनि तिर्नु पर्दैन । पूर्ण निःशुल्क । रहेक सात जनालाई निःशुल्क र हरेक ४२ जनालाई आंशिक छात्रवृत्ति उपलब्ध गराइन्छ । ४२ जनामा महिला वा पुरुष भए पनि सात जनामा महिलाले मात्र छात्रवृत्ति पाउने व्यवस्था छ ।

# अक्षर विद्या मन्दिर

आफ्नो जन्मभूमिका लागि केही गरौँ भन्ने उद्देश्यले जनकपुरमा पहिलो पटक 'स्मार्टस्कुल'को अवधारणालाई प्रवेश गराइएको थियो । लर्डबुद्ध एजुकेसन फाउन्डेसनको छाता संस्थाका रूपमा जनकपुरको वकिलचोकमा अक्षर विद्या मन्दिरको स्थापना गरियो । त्यस अघि जनकपुरमा निजी शिक्षण संस्था भाडाका घरमा सञ्चालन हुने गरेकोमा अक्षर विद्या मन्दिरका लागि आफ्नै भवन निर्माण गरेपछि मात्र विद्यालय स्थापना भएको थियो । यो नयाँ पद्धतिको थालनी गरियो ।

विद्यार्थीका लागि सैद्धान्तिक शिक्षाका साथै सर्वाङ्गीण विकासमा ध्यान पुऱ्याउने उद्देश्यले विद्यालय स्थापना गरिएको हो । सूचना प्रविधिको प्रयोग गरी विद्यार्थीको सिकाइ उपलब्धि बढाउने उद्देश्य लिइएको थियो । त्यो उद्देश्य अहिले पनि कायम छ । सूचना प्रविधिको पथमै विद्यालय अग्रसर भइरहेको छ ।

नृत्य, नाटक, खेलकुद, योग आदि अतिरिक्त क्रियाकलापका लागि विशेष कक्षा पनि सञ्चालन गरिँदै आएको छ । आवश्यक पर्ने विद्यार्थीलाई दिवा खाजाको व्यवस्था र वातानुकूलित (एसी) बसको व्यवस्था गर्ने जनकपुरको पहिलो विद्यालय बन्न सफल भएको छ । यस विद्यालयका कारण जनकपुरमा गुणस्तरीय शिक्षाको सूत्रपात हुनसक्यो । विद्यार्थीलाई यातायातको सुविधा दिन विगतमा कुनै पनि विद्यालयको आफ्नो बस थिएन र सबैले रिक्सा प्रयोग गर्ने गरेका थिए । यस विद्यालयले बसको प्रयोग गर्न थाले पछि अहिले जनकपुरमा विद्यालयले विद्यार्थी ओसार्न रिक्साको प्रयोग गर्ने प्रचलन विस्थापित भएको छ ।

यस विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसइई)का तीन ब्याच उत्पादन भइसकेको छ । मधेस प्रदेशमा उत्कृष्ट विद्यालयका रूपमा पहिचान बनाउन सफल बनेको छ । कक्षा १ देखि १० सम्म सञ्चालित यस विद्यालयले आगामी शैक्षिक सत्रबाट कक्षा ११ र १२ पनि थाल्ने योजना बनाएको छ ।

# पिसिपिएस कलेज

ललितपुरका विद्यार्थीलाई सूचना प्रविधिमा सहज पहुँच हुन सकोस् भनेर कुपन्डोलमा पाटन कलेज फर प्रोफेसनल स्टडिज (पिसिपिएस) स्थापना गरिएको छ । यस कलेजले बेलायतको युनिभर्सिटी अफ बेडफोर्डसायरसँग सम्बन्धन लिएको छ । सन् २०१७ मा स्वीकृति पाएको हो । यहाँ स्नातक र स्नातकोत्तरतहमा पठनपाठन हुँदै आएको छ । सूचना प्रविधि र व्यवस्थापन विषयको पठनपाठन हुँदै आएको छ । बी एस्सी इन सफ्टवेयर इन्जिनियरिँग तथा बिबिएम सञ्चालित छ । बिबिएम अन्तर्गत बिजनेस एनालिस्ट र डिजिटल लिडरसिप कार्यक्रम सञ्चालन हुँदै आएको छ । एउटै भवनमा सबै शैक्षिक क्रियाकलाप गर्न सकिने सुविधा सम्पन्न कलेजले वर्षको दुई पटक भर्ना लिने गरेको छ ।

# बाह्र हजार एलुम्नाइ

एलबिइएफबाट हालसम्म १२ हजारभन्दा बढी विद्यार्थी दीक्षित भइसकेका छन् । यहाँबाट उत्पादन भएका १३० भन्दा बढी व्यक्ति विभिन्न कर्पोरेट क्षेत्रमा उच्च तहमा कार्यरत छन् । प्रमुख कार्यकारी अधिकृतदेखि अध्यक्षसम्मका जिम्मेवारीमा उनीहरू छन् । १०-१२ देशमा पनि यहाँका जनशक्ति उच्च तहमा काम गरिरहेका छन् । राष्ट्रियस्तर मा एलुम्नाइ गठन गरिएको छ । विभिन्न छ वटा देशमा पनि एलुम्नाइ गठन भएको छ । एलुम्नाइ मिलाप भनेर हरेक वर्ष कार्यक्रम गर्ने कार्यको पनि थालनी गरिएको छ । हाल सम्म तीन पटक यस्तो कार्यक्रम सम्पन्न भइसकेको छ । पहिलोपटक गत वर्षबाट एलुम्नाइ मिलापमा उत्कृष्ट कार्य गरे वापत भनेर पूर्वविद्यार्थीलाई सम्मान गर्ने परिपाटीको थालनी गरिएको थियो ।

# लर्डबुद्धको प्रगति देख्दा खुसी लाग्छ



**लवप्रसाद त्रिपाठी**
पूर्वसहसचिव,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

साल ठ्याक्कै सम्झना त भएन तर २०५५/५६ सालतिर हुनुपर्छ मन्त्रिपरिषद्ले प्राविधिक शिक्षा तथा समन्वयसम्बन्धी नीति पारित गऱ्यो । त्यो नीति धेरै लामो थिएन । त्यस्तै चार-पाँच पृष्ठको थियो । त्यो नीतिले विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रम सम्बन्धन लिएर नेपालमा सञ्चालन गर्न पाउने बाटो खुला गऱ्यो । त्यसपछि विदेशी विश्वविद्यालयको शिक्षा नेपालमा दिन चाहने व्यक्तिहरु सम्पर्क गर्न आए । तत्कालीन शिक्षामन्त्रीले मन्त्रिपरिषद्मा लगेर प्राविधिक शिक्षा तथा समन्वयसम्बन्धी नीति पारित गरिदिनुभएको थियो । विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्न त्यसमा मापदण्ड उल्लेख थियो । त्यसै नीतिअन्तर्गत रहेर उच्चस्तरीय समिति गठन भएको थियो । समितिको अध्यक्ष शिक्षामन्त्री रहने प्रावधान थियो । उच्च शिक्षा हेर्ने सहसचिवलाई सदस्यसचिव तोकिएको हुँदा त्यो जिम्मेवारी मैले नै वहन गरेको थिएँ । त्यो समितिमा शिक्षा सचिव, राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयका प्रतिनिधि, स्वास्थ्यसम्बन्धी विषय पठनपाठन हुने भए स्वास्थ्य मन्त्रालयका प्रतिनिधि आदि रहने व्यवस्था थियो । त्रिभुवन विश्वविद्यालयका प्रतिनिधि पनि रहन्थे । ती सबै गरेर ११ जनाको समिति थियो ।

समिति गठन भएपछि समितिले नै काम, कर्तव्य र अधिकार तोक्ने र मापदण्ड तोक्ने अधिकार त्यसै समितिलाई दिइएको थियो । विदेशी विश्वविद्यालयका जुन विषय यहाँ पढाउने हो त्यो विश्वविद्यालय र विषयका बारेमा सबै उल्लेख गरेर दर्खास्त दिनुपर्ने नियम थियो । समितिले त्रिभुवन विश्वविद्यालयलाई यो कस्तो विश्वविद्यालय हो, यसलाई सम्बन्धन दिन मिल्छ कि मिल्दैन आदि कुरा खुलाएर हामीले पत्र लेख्थ्यौँ । त्रिविले समकक्षता निर्धारण छ वा समन्वय छ भनेर लेखेर पठाएपछि समितिले गठन गरेको विभिन्न प्राविधिक उपसमितिले तत्तत् कलेजमा अनुगमन गर्थ्यो । अनुगमन गर्दा मापदण्ड पुग्छ कि पुग्दैन, ठाउँ, भौतिक सुविधा, मानवीय सुविधा, प्रयोगशाला, वातावरण, आर्थिक रुपमा दिगो कस्तो छ आदि हेरेर सकारात्मक प्रतिवेदन आए अनुमति दिइन्थ्यो । नकारात्मक आएमा अर्थात् यो यो कुरा पुगेको छैन भने यो यो कुरा पूरा गरेर मात्र फेरी आउ भन्थ्यो । कलेज सञ्चालन गर्न एक लाख रुपियाँ जम्मा गर्नुपर्थ्यो जस्तो लाग्छ ।

त्यसपछि समितिले सञ्चालन गर्न मान्यता दिन्थ्यो । हरेक वर्ष निरीक्षण गर्ने चलन हुन्थ्यो । पढाएको ठिक छ छैन, जनशक्ति कस्ता छन्, प्रयोगशाला कस्ता छन् लगायत सबै कुरा वर्षको एकपटक रिपोर्टिङ गरेर समितिले समय बढाउँदै जाने अर्थात् नविकरण हुँदै जाने चलन थियो ।

यसै प्रक्रियाअन्तर्गत लर्डबुद्ध एजुकेसन फाउन्डेसनले अनुमति पाएको हो । त्योसँगै अर्को एउटा शिक्षण संस्थाले पनि अनुमति पाएको थियो । लर्डबुद्धले भारतीय विश्वविद्यालयसँग अनुमति लिएका थिए । सदस्यसचिव भएकाले म नै अनिवार्य रुपमा अनुगमन गर्न जानुपर्थ्यो । त्यसैले म लर्डबुद्धमा अनुगमन गर्न गएको थिएँ । अनुगमनपछि अनुमति प्रदान गरिएको थियो ।

त्यो बेलाको त्यति धेरै सम्झना अहिले रहेन । त्यो बेला लर्डबुद्धको भौतिक पूर्वाधार पूरा भएको थिएन जस्तो लाग्छ । हामीले सर्त गराउँथ्यौ । यति समयभित्रमा पूरा गर्नुपर्छ भन्ने सर्त हुन्थ्यो । त्यो अवधिमा पूरा भए नभएको हेर्न पुनः निरीक्षण गरिन्थ्यो । फेरी निरीक्षण गरेर अनुमति दिएका थियौँ । त्यसपछि अन्य पनि खुले । पछिपछि त धेरै खुकुलो पनि भयो ।अन्य कलेज पनि त्यसै नीति र मापदण्डलाई टेकेर खुल्न थाले । लर्डबुद्धले सूचनाप्रविधिको औपचारिक पठनपाठनमा उल्लेख्य योगदान गरेको छ । यो क्षेत्रमा उहाँहरूबाट थालनी भयो । उहाँहरुले बेलाबखत कार्यक्रममा आमन्त्रण गर्ने गर्नुहुन्थ्यो । गइरहन्थे पनि । उहाँहरूको प्रगति देख्दा खुसी लाग्छ ।

# “लर्डबुद्धले गर्‍यो मेरो जीवन परिवर्तन”

लर्डबुद्ध एजुकेसन फाउन्डेसनमा मेरो प्रवेश सन् १९९८ जुलाइमा भएको हो । यस कलेजले भारतको भोपालस्थित माखनलाल चतुर्वेदी राष्ट्रिय पत्रकारिता एवं सञ्चार विश्वविद्यालय (एमसिआरपी) को ब्याचलर इन कम्प्युटर एप्लिकेसन (बिसिए)को सम्बन्धन लिएको थियो । पहिलो ब्याचमा हामी ३२ जना भर्ना भएका थियौँ । तीमध्ये आधा जसो छात्रा थिए । यसै कलेजमा सिक्किमको मणिपाल विश्वविद्यालयअन्तर्गत एमसिएको पनि पठनपाठन हुन्थ्यो । एमसिए पनि यहीँबाट पूरा गरे । पछि यस कलेजले मलेसियाको एसिया प्यासेफिक विश्वविद्यालयबाट एमबिएको कार्यक्रम सञ्चालन गर्न थाल्यो र भर्ना भई एमबिए पनि पूरा गरेँ ।



रमेश सुवाल

## प्रवेश यसरी

भक्तपुर क्याम्पसबाट आइएस्सी पूरा गरेँ । कहिले बिई, कहिले फरेस्ट्रीमा भर्ना हुन प्रवेश परीक्षा दिएँ तर नाम निस्किएन । प्रतीक्षा सूचीमा नाम त थियो तर भर्ना हुन पाइएन । यसले गर्दा दुई वर्ष जति पढाइ छुट्न गयो । भक्तपुर नगरपालिकामा राष्ट्रसङ्घीय विकास कोष (युएनडिपी)को परियोजनामा काम गर्ने मेरा एक जना साथी थिए । उनीत्यहाँ सूचनाप्रविधिसम्बन्धी काम गर्थे । त्यो बेला सूचनाप्रविधिका क्षेत्रमा औपचारिक पठनपाठन हुन्थेन । तीन महिना, छ महिना वा एक वर्षे तालिम लिने चलन हुन्थ्यो । मेरा ती साथीले छ महिने तालिम लिएका थिए । पढाइ नहुँदा त्यो बेला म पारिवारिक व्यापारमा नै संलग्न थिएँ । मैले उसलाई ‘कम्प्युटर सिक्ने अवसर कहीँकतै भए मलाई भन्नू है’ भनेको थिएँ । एक दिन उनले फोन गरे । उनले हामी दुवै जनालाई मिल्ने अवसर आएको छ भने । उनी पनि प्लस टु मात्र पूरा गरेका थिए । पत्रिकामा विज्ञापन छापिएका थियो । त्यही हेरेर उनी र म बुझ्न कलेज पुग्यौँ । त्रिपुरेश्वरमा एलबीएफको एउटा फ्ल्याट लिइएको थियो । दोस्रो तलामा थियो । अफिस सानो थियो । त्यहाँ सबै कुरा बुझ्यौँ । मलाई आइटीको पठनपाठन बारेमा खासै थाहा थिएन । साथीलाई त सबै कुरा थाहा थियो । हामीले पढ्ने भन्यौँ । पंकज जालान सरले अन्तर्वार्ता लिनुभएको थियो । म छानिएँ ।

त्यो बेला ‘मर्निङ सिफ्ट’ थिएन, अपरान्हको ‘सिफ्ट’ मात्र थियो । निकै अनुरोध गर्‍यौँ ‘मर्निङ सिफ्ट’मा कक्षा सञ्चालन गरिदिन तर भएन । अफिस छोड्न नमिल्ने कारणले मेरा साथी भर्ना हुन पाएनन् । म एक्लै परे । अहिले ती साथी अमेरिकामा छन् । भक्तपुरबाट म एक्लै आउँथे । त्यो बेला मजस्तै दुई-तीन वर्ष ग्याप भएका साथीहरु पनि भर्ना भएका थिए । हाम्रो राम्रो समूह बन्यो ।

त्यो बेला आइटी पूर्ण नयाँ विषय थियो । विद्यार्थीलाई पनि यस बारेमा थाहा हुने कुरै भएन । शिक्षक पनि सबै भारतीय थिए । पढाएकै नबुझ्ने । टर्मिनोलोजी नै फरक । कम्प्युटर भनेको गीत सुन्ने, मनोरन्जन प्राप्त हुने भन्ने सुनेको थिएँ । गीत र मनोरन्जनमा रुचि भएकाले कम्प्युटर पढ्न भर्ना भएको थिएँ तर पढ्दा त फरक कुरा पो पढ्नुपर्ने रहेछ । लौ बर्बाद । यो विषय पार लाग्ला जस्तो लागेन । पहिलो सेमेस्टरमा निश्चितै ब्याक लागिहाल्छ भन्ने थियो । नभन्दै ब्याक लागिहाल्यो । बिसिए कार्यक्रम तीन वर्षको थियो । पहिलो सेमेस्टरको परीक्षा थापाथलीको इन्जिनियरिङ क्याम्पसमा भएको थियो । मेरा लागि सबै विषय निकै कठिन थिए । त्यसमाथि एमसिआरपी विश्वविद्यालय त सरकारी विश्वविद्यालय थियो । जति लेखे पनि अङ्क त दिइन्नथ्यो । एक त आफू कमजोर, अनि सक्किगो नि ।

## परिवर्तनको बिन्दु

सेकेन्ड सेमेस्टरमा परीक्षा केन्द्र भारतको गोरखपुरमा राखियो । एक-दुई दिनपछि परीक्षा थियो, प्रवेशपत्र आयो । प्रवेशपत्र हेर्छौं त परीक्षा केन्द्र गोरखपुर उल्लेख छ । मलाई पढ्न गाह्रो भइसकेको थियो । बरु पढ्न नपरे हुन्थ्यो, पैसा फिर्ता दिए हुन्थ्यो भन्ने लागिसकेको थियो । गोरखपुरमा जाने कुरा ठूलो इस्यु बन्यो । त्यो जमानामा छात्रालाई अभिभावकले परीक्षा दिन भारत पठाउने कुरा पनि थिएन । वार्ता भयो । छात्राका लागि अभिभावक पनि साथै जाने सहमति पनि भयो । पाँच वटा पेपर थिए । हामी १७ दिन रमाइलो गरेरै गोरखपुरमा बस्यौँ ।

जब काठमाडौँ फर्कियौँ बल्ल हामीलाई ठिक विषय पढ्न आएका रहेछौँ भन्ने लाग्न थाल्यो । दोस्रो सेमेस्टरपछि

नयाँ विद्यार्थी भर्ना दर ह्वात्तै बढ्न थाल्यो । कलेज पहिले जेनतेन चलिरहेकोमा दोस्रो सेमेस्टरपछि धान्न सकिने अवस्था सिर्जना हुन थाल्यो । पहिलो सेमेस्टरमा ज्ञानेश्वरमा पठनपाठन भयो । दोस्रो सेमेस्टरमा यहीँ मैतीदेवीमा आइसकेका थियौँ । हामी दोस्रो सेमेस्टरमा पढ्दा पूर्वाञ्चल विश्वविद्यालयले पनि बिसिए सञ्चालन गर्न थाल्यो । पछि त भिड हुनथाल्यो । बल्ल कलेज जस्तो देखिन थाल्यो ।

छैटौँ सेमेस्टर पढ्दा कुपन्डोलको ललितपुर कलेजमा पढाउन अफर आयो । बिबिएलाई पढाउनुपर्ने थियो । पढाउन अनुभव नै थिएन । प्रकाश (केजरीवाल) सरले 'तिमी पढाउन जाउ' भन्नुभयो । मैले 'अर्को साथीलाई भन्नू, म जान्न' भनेँ । आँट नै थिएन पढाउन । जान करै लाग्यो ।गएँ । त्यहाँ पुगेर आइतबारदेखि पढाउँछु भनेर उम्किन खोजेँ । तर कलेजका प्रिन्सिपलले 'आजैदेखि पढाउनू' भन्नुभयो । कक्षाकोठाभित्र जाँदा कसैको पनि अनुहार देखेन, कपालमात्र कालो देखेँ । डरले कसैलाई पनि हेर्न सकिएन । केही मिनेटपछि क्रमशः डर हराउँदै गयो । पहिलो दिन जसोतसो सके । साँझघरमा आएर तयारी गर्न थालेँ । नोट बनाउन थालेँ । पछि त पढाउने आँट पनि आयो र कोर्स पनि सकेँ । पढाउनेमात्र होइन, कपी परीक्षण, गृहकार्य दिने लगायतका अनुभव पनि हासिल हुन थाल्यो । कोर्स सक्दा १७ हजार रुपियाँ पाएको थिएँ । त्यो ठूलै रकम थियो ।

लर्डबुद्धमा जापानी सरकारको सहयोगमा छ महिने सरकारी परियोजना आयो । प्रकाश सरले 'भोलिबाट टाइ लगाएर आउनू, तिम्रो जागिर भयो' भन्नुभयो । मैले 'तलब कति पाइन्छ ?' भनेर सोधेँ । उहाँले 'सात हजार रुपियाँ दिने' भन्नुभयो । त्यो समयमा त्यति रकम ठूलै हुन्थ्यो । हामीपाँच जना प्रशिक्षक भयौँ । त्यो परियोजना पनि सकियो र यता हाम्रो सेमेस्टर पनि सकियो । त्यहाँ पनि पढाइयो । छ सेमेस्टर सकिएपछि यही कलेजमा क्लास लिन पनि थाले । बिसिए पूरा गरेँ ।

त्यसपछि सन् २००२ मा एमसिएमा भर्ना भए । सिक्किम मणिपाल विविअन्तर्गत एमसिए थियो । सन् २००४मा एमसिए पनि पूरा भयो । सन् २००२ बाट म कलेजमा पूर्णकालीन अध्यापक भइसकेको थिएँ । सन् २००६ मा राष्ट्रिय बाणिज्य बैङ्कमा आइटी अफिसरका रूपमा नियुक्त भएँ । त्यहाँ नियुक्त भए पनि हरेक दिन विहान यहाँ पढाउन छुटाएको छैन । अहिलेसम्म छुटेको छैन । हरेक विहान दुई वटा क्लास लिने गरेको छु । हरेक सेमेस्टरलाई क्लास लिइरहेको छु । सन् २०१९ मा एमबिए गरेँ । त्यसमा पनि म पहिलो ब्याचको विद्यार्थी थिएँ । अहिले म सिंहदरबारस्थित राष्ट्रिय वाणिज्य बैङ्कको केन्द्रीय कार्यालयमा कार्यरत छु । प्लानिङ, रिसर्च एन्ड एमआइएस डिपार्टमेन्टमा डेपुटी चिफ छु ।

समाजमा मेरो प्रतिष्ठा पनि छ । सँगै पढेका साथीमध्ये ९० प्रतिशतभन्दा बढी विदेशमा छन् । यस कलेजमा धेरै जसो प्रयोगात्मकमा आधारित पठनपाठन छ । अन्य विश्वविद्यालय वा कलेजमा सैद्धान्तिक बढी छ । यहाँ पढेर नै मेरो जीवन निकै सन्तुष्ट भएको छ । म यस कलेजमा भर्ना नभएको भए जीवनमा यति ठूलो उपलब्धि सायद प्राप्त गर्ने थिए । यस कलेजले मेरो जीवनलाई नै परिवर्तन गरिदिएको छ । बैङ्कको अवकास जीवन पनि पनि हरेक दिन बिहान यस कलेजमा क्लास लिन आउने सोच छ । त्यो पूरा पनि हुनेछ ।



# “लर्डबुद्ध- मेरो जीवनको टर्निङ प्वाइन्ट”



उदयकान्त झा

लर्डबुद्ध एजुकेसन फाउन्डेसनसँग मेरो संलग्नता सन् २००१ जुन २४ तारिखबाट भएको हो । त्रिभुवन विश्वविद्यालयमा गणित विषयमा स्नातकोत्तर अध्ययन गर्दै थिएँ । लर्डबुद्धमा एक जना शिक्षक हुनुहुन्थ्यो- विमलेशकुमार झा । उहाँ नेपाल दूरसञ्चार प्राधिकरणकानिर्देशक हुनुहुन्थ्यो । उहाँ मेरा नजिकका दाइ हुनुहुन्थ्यो । मैले जागिर पनि खोज्दै थिएँ । त्यही सिलसिलामा उहाँले एउटा नयाँ कलेज खुलेको छ, मास्टर्स पनि गर्दैछौ, काम गर्न आउ भनेर लर्डबुद्धमा ल्याइदिनुभयो । लर्डबुद्धमा परमानन्द केजरीवाल हुनुहुन्थ्यो । उहाँप्रबन्ध निर्देशक हुनुहुन्थ्यो । त्यस दिन प्रकाश सर पनि हुनुहुन्थ्यो । मेरो पहिलो मिटिङ उहाँहरुसँग भयो । हाल म रहने गरेको भवनमा नै भेट भएको हो । उहाँहरुले प्रशासनको जिम्मा दिनुभयो ।

एमडी (परमानन्द) सरले ‘बेटा पानपराग लेके आओ’ भनेर पैसा दिनुभयो । पसल पुगेर पानपराग ल्याएर उहाँलाई दिएँ । त्यसपछि आफूलाई आलोचना गर्न थालेँ। मूल्याङ्कन गर्न थालेँ । म स्नातकोत्तर गरेको मानिस पानपराग ल्याएर दिन सुहाउँछ त ? भनेर सोच्न थाले । यस्तै खालका सोच दिमागमा आउन थाले । भोलिपल्ट म लर्डबुद्धमा गएन । म पढ्ने पढाउने मानिस पो हुँ, पानपराग ल्याउने मानिस होइन नि भन्ने हिनता मनमा पलायो । अर्को दिन उहाँहरूले बोलाउनुभयो । मैले म नआउनुको कारण भनेपछि एमडी सरले एक घण्टाको काउन्सिलिङ गर्नुभयो । त्यो नै मेरो जीवनको टर्निङप्वाइन्ट भयो । उहाँले मलाई ‘बेटा कुनै पनि काम सानोठूलो हुँदैन, तिमी जीवनमा अगाडि बढ्नुछ भने कामलाई प्राथमिकता दिएर अगाडि बढ’ भन्नुभयो । मूल मन्त्र दिनुभयो । त्यो कुरा मेरो दिमागमा पऱ्यो । एक महिनापछि उहाँले पढाउने अवसर पनि दिनुभयो । मैले जागिर मासिक तीन हजार रुपियाँबाट सुरु गरेँ । गणित विषय नै पढाउन थालेँ । उता(त्रिविमा) पढ्न पनि पाएँ र यता पढाउन पनि पाएँ । सँगसँगै प्रशासनको काम पनि गर्न पाएँ । यो अवसरले जीवनलाई नयाँ मोड दियो । म यहाँ आउँदा पहिलो ब्याचका विद्यार्थी पाँचौं सेमेस्टरमा पढ्दै थिए, उनीहरूलाई गाइड गर्ने अवसर पनि पाएँ ।

तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयले एउटा प्रोजेक्ट पनि सुरु गऱ्यो । त्यो परियोजनालाई पनि नेतृत्व गर्ने मौका मैले नै पाएँ । कम्प्युटरमा दक्ष जनशक्ति उत्पादन गर्नका लागि जापान सरकारले नेपाल सरकारलाई सहयोग गरेको थियो । नेपालभरिका मानिसलाई छनोट गरेर विभिन्न कलेजका माध्यमबाट प्रशिक्षण दिने प्रोजेक्ट थियो । त्यसअन्तर्गत हामीले पनि मेडिकल ट्रान्सक्रिप्सन, कल सेन्टर, हाइस्किलका लागि प्रोग्रामिङ डेभलपर जस्ता तालिमको जिम्मा पाएका थियौँ । यी तालिम कार्यक्रम तीन महिने, छ महिने र एक वर्षको थियो । हामीले चार सय जनालाई प्रशिक्षण दिन अनुमति पाएका थियौँ । प्रशिक्षण पूरा गऱ्यौँ । नेपाल सरकारसँग बेलाबखत वार्ता गर्न जाने, विद्यार्थी र शिक्षकलाई प्रेरित गर्ने तथा आफूले क्लास पनि लिने कामले बहुआयामिक अनुभव हासिल भयो । त्यो पनि मेरो जीवनको ठूलो टर्निङ प्वाइन्ट भयो, निकै महत्वपूर्ण रह्यो ।

यसबीचमा सन् २००३ वा २००४ तिर कलेजमा माओवादीको आक्रमण भयो । म आफैं प्रत्यक्षदर्शी थिएँ । विहानको बेला थियो । मुख्य गेटमा उभिएको थिएँ । दुई जना आएका थिए । उनीहरूले हामी सबैलाई बन्दूक देखाएर कम्प्युटर ल्याबमा पेट्रोल छर्किएर आगजनी गरिदिए र भागे । २४ वटा कम्प्युटर ध्वस्त भयो । तोडफोड पनि गरे । प्रहरीर सेना आएर उनीहरूको दिनभरि खोजतलास पनि भयो । तोडफोड र आगजनीबाट शिक्षक र कर्मचारी झस्किएका थियौँ । अब यो संस्था चल्छ वा चल्दैन भन्ने लागिरहेको थियो । प्रकाश सरका काका आनन्द जालानले हौसला र आत्मबल दिनुभयो । उहाँ यस संस्थाका अध्यक्ष हुनुहुन्थ्यो । उहाँले ‘तपाईंहरु कत्ति पनि नआत्तिनू, हामी संस्था चलाउँछौँ’ भन्नुभयो । उल्टै खुसीमा मिठाइ पनि खुवाउनुभयो । उहाँले ‘केही कुरा राम्रो हुनका लागि केही नराम्रो पनि हुनुपर्छ’ भन्नुभयो । उहाँले भोलिपल्ट नयाँ २४ वटा कम्प्युटर ल्याइदिनुभयो । त्यो बेला एउटा कम्प्युटरको मूल्य ७५ हजार रुपियाँ जति पर्थ्यो । त्यतिका रकम खर्च गर्नु त्यो बेला ठूलो लगानी मानिन्थ्यो । नयाँ सिस्टम ल्याएर दिनुभयो । भोलिपल्ट ल्याब सेटअप भयो र कक्षा सुचारु भयो । त्यो बेलाकरिब पाँच सय विद्यार्थी थिए ।

माओवादी आक्रमणपछि कलेजका बारेमा बजारमा प्रचारप्रसार पनि भयो । संस्था राम्रो रहेछ भन्ने संदेश बजारमा

गयो । त्यो बेला भारतका दुई विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रम चलाउँथ्यौँ । त्यसपछि दुई हजार दुई सय विद्यार्थी सङ्ख्या पुग्यो । आर्थिक रूपमा मजबुत भएपछि संस्थालाई दिगो रूपमा स्थापना पनि गर्न सक्यौँ । नेपाली वा विदेशी बजारमा अहिले पनि उच्च तहमा रहेर काम गरिराख्नुभएकामध्ये कतिपयको टर्निङ प्वाइन्ट नै लर्डबुद्ध हो । विभिन्न बैंकका प्रमुख कार्यकारी अधिकृतदेखि प्रहरी प्रशासनमा उच्च तहमा यहाँबाट उत्पादित जनशक्ति हुनुहुन्छ । धेरै क्षेत्रमा यहाँबाट उत्पादन भएका जनशक्ति स्थापित हुनुभएको छ । यो नै यस संस्थाको बलियो शक्ति हो । भारत सरकारले आफ्ना कार्यक्रम विदेशमा सञ्चालन गर्न नपाउने नीति ल्याएपछि हामीले भारतीय विश्वविद्यालय परिवर्तन गर्‍यौँ । मलेसियाको शिक्षामा गयौँ । त्यहाँको एसिया प्यासेफिक विश्वविद्यालयसँग सम्बन्धन लियौँ ।

पछि मैले एमबिए र एमपिए पनि गरेँ । प्रशासनिक काम पनि गरेँ । व्यवस्थापकीय ज्ञान पनि प्राप्त गरेँ । यसबीचमा सन् २०१६ मा एउटा जलविद्युत कम्पनीको प्रमुख कार्यकारी अधिकृत हुने मौका पाएँ । मैले पाँच वर्षसम्म त्यहाँ आबद्ध रही पाँच मेगावाटको जलविद्युत निर्माण गर्ने मौका पनि पाएँ । सकुशलनिर्माण गरेर हस्तान्तरण गरी फेरि लर्डबुद्धमै फिर्ता आएँ । त्यो पाँच वर्षमा मैले लर्डबुद्धलाई पूर्ण रूपमा छाडेको थिएन । आंशिक थिएँ । उताबाट फर्किएर आइसकेपछि सन् २०२२ देखि प्रशासकीय निर्देशकका रूपमा संलग्न छु ।

जीवन यहीँ बित्यो । त्रिविमा पढाइ सकेपछि गणितमा मात्र रमेको भए आज सामान्य शिक्षक हुने थिएँ । त्यसैले यहाँ आएर रत्ति पनि पछुतो लागेको छैन । मैले यहीँ आएर अन्तर्राष्ट्रिय एक्पोजर पाएँ । यहाँ आबद्ध नभएको भए सम्भवतः मेरो नाम प्रख्यात हुँदैन थियो तर अहिले १२ हजार एलुम्नाइको नेतृत्वकर्ता बनेको छु । ती १२ हजार विद्यार्थीको अभिभावक भनेर चिनिएको छु । त्यही नै मेरो सन्तुष्टि हो । यहाँ जोडिएर आर्थिक समृद्धि पनि पाएको छु । सप्तरीबाट आएको सामान्य व्यक्ति यही संस्थासँग जोडिएर काठमाडौंमा स्थापित छु । यसमा मलाई गर्व छ ।




# कोराकागज थिएँ, यतिको भएँ



सन्जिना आचार्य

वैदेशिक अध्ययनका लागि परामर्श दिने संस्था एजुब्रिज कन्सल्टेन्सीमा निर्देशकको जिम्मेवारीमा छु । यो मेरो आफ्नै कन्सल्टेन्सी पनि हो । एकैपटक कन्सल्टेन्सी हाँक्न सक्ने खुबी स्वतः प्राप्त भएको होइन । लामो अनुभवबाट यो खुबी प्राप्त भएको हो । त्यो अनुभव मैले लर्डबुद्ध एजुकेसन फाउन्डेसनबाट नै प्राप्त गरेको हो । यसलाई म गर्वका रूपमा लिन्छु ।

सन् १९९९ देखि लर्डबुद्धमा आबद्ध भएको थिएँ । म जनकपुरमा जन्मिएको हुँ । पंकज दाइहरूसँग पारिवारिक सम्बन्ध थियो । मम्मीले बहिनीलाई पनि अफिसमा राखिदेउ भन्नुभयो । त्यसपछिम काठमाडौँ आएँ । एसएलसीको नतिजा आइसकेको थिएन । त्यसैले 'ह्वाइ नट?' भनेर आबद्ध भएँ । सुरुवाती चरण सङ्घर्षकै चरण थियो । कलेजको सङ्घर्ष, सञ्चालकको सङ्घर्ष र कर्मचारीको सङ्घर्ष । सबैको नै सङ्घर्षका दिन थिए । सङ्घर्ष हामीले निकै गर्‍यौँ । दाइहरूसँगै सङ्घर्ष गर्‍यौँ । विहानै पुग्ने र बेलुकासम्म बस्थ्यौँ । त्यो बेलामा जति सङ्घर्ष गर्‍यौँ त्यो घरायसी सङ्घर्ष जस्तै थियो । सहज पनि थियो र कुनै बेला कठिन पनि थियो । टिम वर्क राम्रो भएकाले सजिलो पनि थियो ।

लर्डबुद्ध पनि भर्खर खुलेको थियो । मेरो जीवनमा पहिलोपटक जागिरमा जोडिएको चरण थियो । मैले रिसेप्सनदेखि जागिरे जीवनको यात्रा सुरु गरेको थिएँ । आबद्ध भएको केही दिनमा एसएलसी नतिजा सार्वजनिक भएको थियो । उत्तीर्ण पनि भएँ ।

कलेज भर्खरै स्थापना भएकाले तलदेखि नै संरचना निर्माण गर्ने कार्य जारी थियो । त्यतिखेर त्रिपुरेश्वरमा अफिस थियो । पछि ज्ञानेश्वरमा सर्‍यो । त्यसपछि हालको स्थान मैतिदेवीमा सर्‍यो । माखनलाल चतुर्वेदी पत्रकारिता विश्वविद्यालयसँग सम्बन्धन लिइसकेपछि तोयराज भवनमा क्लास हुन थाल्यो । त्यो सानो भएपछि मैतीदेवीमा सरेको हो । हालको स्थानमा सरेपछि बल्ल कलेजले गति लिन थाल्यो । विद्यार्थी सङ्ख्या पनि एकदमै बढ्न थाले ।

रिसेप्सन, लाइब्रेरी, काउन्सेलिङ, लेखा, मानव संशासन लगायत सबै काम गरिन्थ्यो । त्यो मेरा लागि अफिस होइन माइती थियो । त्यसरी काम गरेका हौँ । त्यसरी हुर्किएका थियौँ । भित्रबाटै आबद्ध थियौँ । कहिले पनि असजिलोपन अनुभव भएन । २२ वर्ष काम गरेँ । कोभिड-१९ सुरु भएपछि सन् २०२० मा छोडेकी हुँ । छोड्दा फाइनान्स अफिसरमा थिएँ । अपरेशन पनि हेर्थें । हरेक तह पार गर्दै त्यो तहमा पुगियो । विहान म पद्मकन्या कलेजमा जान्थे । त्यसपछि सिधै त्रिपुरेश्वर अफिसमा पुग्थे । काम नहुँदा अफिसमा आफ्नो पढाइको काम गर्थें । विद्यार्थी आएमा काउन्सिलिङ गर्नुपर्थ्यो, नभए दिनभरि पढ्थें । मेरो प्रवीणता प्रमाणपत्र तह पनि सकियो । स्नातक ज्वाइन गरेँ । त्यस बीचमामेरो बिहे पनि भयो । बच्चा हुँदा एक वर्षको ग्याप लिएकी थिएँ । पढ्दै काम गर्दै अगाडि बढेँ । विहान, दिउँसो र साँझको सिफ्ट हुन्थ्यो । हामी कर्मचारीहरूले जिम्मेवारी र काम मिलाएका थियौँ । पढाइ, घर अनि अफिस गर्दा कठिन पनि हुन्थ्यो ।

जिन्दगी नै त्यहीँ बित्यो । शून्यबाट सुरु गरेको थिएँ । कोराकागज नै थिएँ । कोरा कागजमा लेख्दा लेख्दा यतिका भयौँ । व्यक्तिगत कन्सल्टेन्सी सन् २००८ मा स्थापना भएको हो । श्रीमान्ले सञ्चालन गर्नुहुन्थ्यो । श्रीमान् एक्लोले काम गर्न नभ्याउने अवस्था आयो । कन्सल्टेन्सी अलपत्र हुने अवस्था देखियो । त्यसैले लर्डबुद्ध छोड्नुपर्ने अवस्था आइपर्‍यो । छोड्ने बेला निकै भावुक भएँ । बल्ल म माइती छोडेर घर आएकी छु । एसएलसी परीक्षा दिएको भनेपछि बालिका अवस्था नै हो । त्यो बेलादेखि काम थालेर परिपक्व भइयो । परिपक्व लर्डबुद्धले नै बनाइदिएको हो । यतिखेर त्यहाँको अनुभवले काम गरिरहेको छ । हरेक चरण त्यहाँ पार गरिएकाले अहिले आफ्नो अफिस चलाउन निकै सजिलो भएको छ । मैले एमबिए त्यहीँ अध्ययन गरेँ । आफू कार्यरत संस्थामा पढ्ने अवसर पाइन्छ भने किन नपढ्ने भन्ने लाग्यो र पढेँ ।

आफू हुर्किएको ठाउँ छोडेको जस्तो लाग्दैन । लर्डबुद्धले धेरै राम्रो प्रगति गरेको छ । आफ्नो भवन बनाएर सर्न पाए हुन्थ्यो भन्ने सपना हामीले पनि देखेका थियौँ । हामीले जहिले पनि आफ्नो भवन बनाऔँ भन्थ्यौँ । दाइहरूले घर भाडावापत ठूलो रकम तिर्दा महिनैपिच्छे हामीहरुको पनि छाती पोल्थ्यो । यतिका रकम घर भाडामा दिनुभन्दा आफ्नै भवन बनाउनुपर्छ भन्थ्यौँ । त्यो बेला त्यस्तै भयो । कहिले भूकम्प, कहिले महामारी यस्तै यस्तै पीडा भयो । यति दुःख गरियो, आफ्नो क्याबिनमा बसेर काम गर्नुपर्छ भन्थ्यौँ । अब लर्डबुद्ध आफ्नो भवनमा सरोस् भन्ने सपना पूरा भएको देख्ने मन छ । बाँकी सबै कुरा र क्षेत्रमा प्रगति गरेको छ । अब्बल बनेको छ । हामीले भौतिक रूपमा लर्डबुद्धलाई छोडे पनि सम्बन्ध जीवनभरि टुट्दैन । कहीं न कतैबाट सम्बन्धको सञ्चार जोडिरहेको छ ।

# आइटी क्षेत्रमा लर्डबुद्धको योगदान महत्वपूर्ण छ



**विमलेश झा,**
प्रबन्धक
ब्याकबोन ट्रान्समिसन निर्देशनालय,
नेपाल टेलिकम

वि.सं. २०५५-५६ तिरको कुरा हो । लर्डबुद्ध एजुकेसन फाउन्डेसनको सुरुवाति समय थियो । मेरो अफिसका प्रबन्ध निर्देशकले लर्डबुद्धमा नेटवर्क हेर्न गइदेउ भनेर पठाउनुभएको थियो । परमानन्द केजरीवाल सरसँग हाम्रा प्रबन्ध निर्देशक परिचित हुनुभएकाले कसैलाई पठाइदिन भन्नुभएको थियो । त्यसैले उहाँले मलाई गइदिन भन्नुभयो । लर्डबुद्धमा नेटवर्क हेर्नका लागि गएको थिएँ । त्यतिबेला नेपालमा नेटवर्किङको चलन थिएन । उहाँहरुले पहिलो पटक नेटवर्किङ गर्नुभएको थियो । हुन त त्यतिबेला नेटवर्किङ पढाउने एउटामात्र कलेज पुतलीसडकमा थियो । त्यसले बिएस्सी आइटी पढाउँथ्यो ।

लर्डबुद्धको अफिसमा बसिरहेका बेला एक जना शिक्षक रुँदै कक्षाबाट निस्किए । मैले के भएको हो भनेर सोधेँ । त्यहाँका प्रबन्ध निर्देशक परमानन्द केजरीवाल हुनुहुन्थ्यो । उहाँले पिजिडिसिएको क्लासमा तीन वटा शिक्षकलाई अघि नै निकालिसकेको कुरा सुनाउनुभयो । एउटा निट भन्ने संस्था थियो । त्यसका शिक्षक थिए तिनी । विद्यार्थीले तिनलाई निकालिदिएका कारण रुँदै आएका रहेछन् । उनले 'म भोलिदेखि पढाउन आउँदैन' भने। केजरीवालले मलाई 'भोलिदेखि सरले कोसिस गरिदिनुहुन्छ कि ?' भन्नुभयो । मैले 'ठिक छ नि' भने । म क्लास लिन गएँ ।

स्नातकका ती विद्यार्थी शिक्षकलाई बढी तनाव दिने खालका थिए । मैले पढाएकोप्रति सन्तुष्ट भए उनीहरू । त्यसपछि केजरीवालले कोर्स जसरी पनि तपाईंले नै सकाइदिनुपर्‍यो भन्न थाल्नुभयो । म निरन्तर क्लास लिन नसक्ने बताएँ । तर बीचबीचमा आएर कोर्स सकाइदिनसक्छु भनेको थिएँ । त्यसैगरी कोर्स सकेँ । पोस्ट ग्राजुएट डिप्लोमा इन कम्प्युटर एजुकेसनको पहिलो ब्याच थियो । त्यो कोर्स बढी चलेन । छ महिनाको सेमेस्टर हुन्थ्यो र कोर्स दुई वर्षको हुन्थ्यो ।विहान गएर गेस्ट लेक्चररका रूपमा सकाइदिएको थिएँ । मेरो अफिस भएकाले त्यहाँ नियमित फ्याकल्टी शिक्षकका रूपमा काम गरिएन ।

परमानन्द केजरीवाल 'डाइनामिक' हुनुहुन्थ्यो । त्यतिबेला नेपालमा सूचना प्रविधिको खासै विकास भइसकेको थिएन । सूचना प्रविधिको विकासप्रति उहाँको सोच निकै राम्रो थियो । उहाँ नेपालमा आइटीको राम्रो कलेज स्थापना गर्न चाहनुहुन्थ्यो । विश्वविद्यालयसम्म स्थापना गर्ने सोच थियो उहाँको । उहाँको दृष्टिकोण सकारात्मक भएकाले नै मैले उहाँलाई सहयोग गरेको थिएँ ।

त्यसपछि पनि गेस्ट लेक्चररका रूपमा बीचबीचमा गइरहन्थे । खासै नियमित गरिएन । अहिले त कामले फुर्सद नभएकाले जान पनि पाएको छैन । अहिले लर्डबुद्धमा धेरै फ्याकल्टी बनेको सुनेको छु । कहिलेकाहीँ उहाँहरूको परीक्षामा म जान्थे । कहिले एक्स्टर्नलका रूपमा र कहिले भाइभाका लागि बोलाउनुहुन्थ्यो । परमानन्द केजरीवालको निधनपछि छोराहरूले संस्था हाँकिरहनुभएको छ । अहिले भौतिक पूर्वाधार लगायतका सुविधा निकै राम्रो भएको छ भन्ने सुनेको छु । अहिले धेरै आइटी कलेज खुलेकाले पहिलेभन्दा बढी प्रतिस्पर्धा पक्कै होला ।

सूचना प्रविधिका क्षेत्रमा लर्डबुद्धले धेरै काम गरेको छ । योगदान महत्वपूर्ण छ । सुरुमाबिसिए र बिएस्सी आइटी कोर्स सञ्चालन गर्नुभयो । त्यो धेरै नै प्रभावकारी रह्यो । त्यहाँबाट उत्पादित जनशक्तिले मुलुकमा सूचना प्रविधिका क्षेत्रमा राम्रो योगदान गरेको छ । पछि पुतलीसडकमा रहेको आइटी कलेज पनि बन्द भयो । त्यसपछिआइटी पढाउने लर्डबुद्धमात्र बाँकी रह्यो ।

म लर्डबुद्धमा सुरुमा गएका बेला एउटामात्र भवन थियो । अहिले अरु धेरै भवन लिनुभएको छ ।जतिबेला नेपालमा आइटीको पठनपाठन थिएन त्यतिबेला कलेजले गरेको योगदान महत्वपूर्ण मान्नुपर्छ । राम्रा जनशक्ति उत्पादन गर्नुभएको छ । अहिले पनि स्तरीय जनशक्ति उत्पादन गरिरहनुभएकै छ । त्यहाँबाट उत्पादन भएका जनशक्ति विभिन्न संस्था र निकायका माथिल्लो तहसम्म पुग्नुभएको छ । आफूले सुरुमा सहयोग गर्न पाएको संस्थाले प्रगति गरेको देख्दा निकै खुसी लाग्छ । प्रगतिको कामना गर्दछु ।

# अर्काको काम हो भन्ने अनुभूति भएन

सन् १९९९ तिरको कुरा हो । बिहेपछि खाली बसिरहेको थिएँ । लर्डबुद्ध एजुकेसन फाउन्डेसनमा अन्तर्वार्ता छ भन्ने थाहा भयो । प्रबन्ध निर्देशक परमानन्द केजरीवालले अन्तर्वार्ता लिनुभयो । मेरो जागिर रिसेप्सनमा थियो । फोन उठाउनेदेखि विद्यार्थीलाई काउन्सिलिङ गर्नेसम्मका काम गर्नुपर्थ्यो । विद्यार्थीले शुल्क तिरेको रसिद काट्ने काम पनि गरिन्थ्यो । अनुभव थिएन तर बच्चालाई हात समाएर जसरी कखरा सिकाइन्छ त्यसैगरी उहाँले काम सिकाउनुभयो ।

त्रिपुरेश्वरमा सानो ठाउँमा अफिस थियो । चार-पाँच वटा कोठामा कलेज सुरु गरिएको थियो । एउटा कोठामा अफिस थियो । त्यहाँएउटा सोफा थियो । कोठाको एकातिर सरहरू बस्नुहुन्थ्यो अर्कातिर हामीहरु बस्थ्यौँ । कुनै पनि दिन मैले अर्काका लागि काम गरेको भनेर अनुभव भएन । त्यस्तो सोच नै आएन । यो काम मेरो हो, मैले नै गर्नुपर्छ भनेर सोच्ने गर्थ्यौं ।

काम सजिलो पनि थियो । समय र काममा कहिल्यै पनि ठगेनौँ । विहान ९ बजे अफिस पुग्नुपर्थ्यो । समयमा सधैँ पुग्यौँ । साँझ ५ बजे छुट्टी हुन्थ्यो तर राती ७-१० धेरै पटक बजायौँ । राती हुँदा सरहरू घरसम्म छोडिदिन पनि जानुहुन्थ्यो । सिकाइ पनि राम्रो भयो । एमडी सरले हात समाएर कम्प्युटरको कसर यता जान्छ, उता जान्छ भनेर सिकाउनुभएको हो । एमडी सरसँग काम गर्न एकदमै रमाइलो थियो । काम गर्नलाई शनिबार भनेनौँ । छुट्टी भनेनौँ । कहाँ, कहिले, कति बजे जाने हो, कुनै पनि बखत तयार हुन्थ्यौँ। यो मेरो काम हो, मेरो जिम्मा हो भन्ने थियो । उहाँहरुले अह्राउनुभयो, त्यसैले मैले यो काम गर्नुपर्छ भन्ने कहिल्यै पनि भएन । अफिसमा कुनै कार्यक्रम आयोजना हुने भनेपछि अह्राउनुपर्थेन । सरहरूले यो कार्यक्रममा यी यी कुरा चाहिन्छ भन्नुहुन्थ्यो र ती कुरा तयार गरिदिन्थ्यौँ । मैले लर्डबुद्ध छोड्दा एडमिसन अफिसरमा थिएँ ।

लर्डबुद्धमा आबद्ध हुँदा इन्दिरा गान्धी खुला विश्वविद्यालयका कार्यक्रम सुरु भइसकेको थियो । कम्प्युटर ट्रेनिङ थियो । लर्डबुद्धले राम्रा राम्रा काम पनि गरेको छ । त्यो बेलामहिलालाई सात दिने तालिम निःशुल्कमा दिइन्थ्यो । एमडी सरले छोरीहरू अगाडि बढ्नुपर्छ भन्ने सोच्नुहुन्थ्यो । कम्प्युटरसम्बन्धी आधारभूत कुरा महिलाले पनि जानून् भन्ने सोच्नुहुन्थ्यो । त्यसैले महिलाका लागि उहाँले सानोसानो कोर्स सञ्चालन गरिदिनुहुन्थ्यो । त्यो बेला कम्प्युटरमा स्नातक तह पनि पढाइ हुन्छ र ?भन्ने समय थियो । महिला सशक्तिकरणका लागि कम्प्युटर तालिम सञ्चालन गर्नेगरिन्थ्यो । फारामका लागि मात्र शुल्क लिइन्थ्यो,



**नितु गौतम**

सिक्नका लागि रकम पर्दैन थियो । बाटोमा पम्प्लेट आफैं उभिएर बाँड्थ्यौँ । लाज लाग्दैन थियो । अहिलेका पुस्ताले त्यसरी पम्प्लेट बाँड्न सक्दैनन् ।

कलेजहरूका ढोका अगाडि वा सडकमा उभिएर पम्प्लेट बाँड्थ्यौँ । हामीलाई यो काम हाम्रो आफ्नै हो भन्ने अनुभव हुन्थ्यो । अर्काको काम हो भन्ने अनुभूति हुँदैन थियो । अर्काको जागिरे हौँ भन्ने कहिल्यै पनि लागेन । रुचि हुनेहरूले तालिम सिक्थे । त्यसरी दुई सयभन्दा बढीले निःशुल्कमै कम्प्युटर तालिम लिए । हामीलाई निःशुल्कमा तालिम दिएको देख्दा अचम्म लाग्थ्यो ।

कलेजका अन्य कर्मचारी वा शिक्षकले कतिपय कुरा उपयुक्त भएन भन्दा तपाईँले गलत बुझ्नु भयो भनेर सम्झाइन्थ्यो । एउटै परिवारका सदस्य भएर काम गरेका थियौँ । सम्भवतः अन्यत्र भएको भए त्यसरी काम गर्न सकिँदैन थियो होला । रमाएर काम गरेका थियौँ । लामो समयसम्म काम गर्दा कुनै टिकाटिप्पणी कहिल्यै भोग्नु परेन । घरको जस्तै वातावरण थियो । जीवनमा जे जति सिकियो कलेजले नै सिकायो । जहिल्यै पनि नयाँ कुरा सिकेकोसिकै गर्‍यौँ । पुस्तकालयमा पनि काम गर्‍यौँ । जे काम आइपर्छ सबै गर्‍यौँ । एउटै संस्थामा २३ वर्ष काम गरिए छ । अन्य ठाउँमा जाउँ भन्ने कहिल्यै लागेन । संस्थाप्रतिको मायाले अन्त जानै मन लागेन । फेरि काम गर्न सजिलो र छुट्टी लिन सजिलो पनि थियो ।

विदेशको बसाइँका कारण संस्था छोड्नु परेको हो । लर्डबुद्धले अझै उन्नति र प्रगति गरेको देख्न चाहन्छु । आफ्नो भवनमा सरेको देख्न चाहन्छु । जहाँ पुगे पनि लर्डबुद्ध मनमा छ । मुटुमा छ । मस्तिष्कमा छ । वास्तवमा लर्डबुद्ध हाम्रा लागि अफिस नभई माइती नै थियो ।

# म गएपछि समस्या समाधान भयो



**वीरेन्द्रकुमार मिश्र**
नेपाल सरकारका पूर्वसहसचिव

सन् १९९९ मा तोयराज भवनमा बिसिए माखनलाल चतुर्वेदी विश्वविद्यालयको कोर्स पढाइ हुन्थ्यो । तोयराज भवनमा बिसिए तीन वर्ष माखनलालको र पिजिडिसिए इन्दिरा गान्धी खुला विश्वविद्यालयको थियो । बिसिए औपचारिक शिक्षा थियो । पास्कल प्रोग्रामिङ थियो कोर्समा । त्यो विषय अध्यापन गर्ने शिक्षकसँग विद्यार्थी त्यति सन्तुष्ट थिएनन् । लर्डबुद्धका सरहरुसँग मेरो भेट भयो र क्लास लिइदिनु भन्नुभयो । मैले बीचबाट पढाउन थालेको हुँ । बिसिएको पहिलो ब्याच थियो । पास्कल पढाउन थालेँ । त्यस्तै १५-२० दिन जति पढाएँ । त्यसको प्रयोगात्मकमा समस्या थियो । म गएपछि त्यो समस्या समाधान पनि भयो । त्यसपछि त्यो ब्याच सफल पनि भयो ।

मेरो त्यति क्लास थियो, सकियो । अर्को ब्याच आउँदा फेरी त्यही समस्या देखियो । उहाँहरूले मलाई फेरी सम्पर्क गर्नुभयो । म त्यो बेला आन्तरिक राजस्व विभागमा थिए । मूल्य अभिवृद्धि कर (भ्याट) विभागमा आइटी डाइरेक्टर थिएँ । उहाँहरुको अनुरोधमा फेरि पास्कलको क्लास लिइदिनुपर्ने भयो । तेस्रो ब्याचमा पनि मैले पास्कल नै पढाए । त्यो बेला शिक्षकको अभाव थियो ।

उहाँहरूले डाटावेस सिस्टम अध्यापनका लागि पनि भन्नुभयो । 'अरु शिक्षक नै भएनन् तपाईंले नै पढाइदिनू' भन्न थाल्नुभयो । मैले 'कोर्स, पाठ्यक्रम, दुई चार वर्षको प्रश्न सोध्ने पद्धति हेर्नुपर्छ, त्यसैले एक हप्ताका लागि समय दिनुपर्‍यो, त्यसपछि मात्र त्यसका आधारमा पढाइदिन्छु' भने । कोही विकल्प छैन भने पढाउँला भने । त्यो विषय पनि पढाएँ । राम्रै भयो ।विद्यार्थी उत्तीर्ण भए । त्यसपछि एसएसएडी, सिस्टम एनालाइसिसमा पनि दुई ब्याच जति पढाएँ । सिप्रोग्रामिङ पनि मैले दुई-तीन ब्याच पढाएँ । त्यसपछि ओराकलको कुरा आयो । त्यो नै अन्तिम थियो ।

त्यसपछि पढाउन सम्भव भएन । मेरो जागिर थियो । सरकारको जागिर बिग्रन्छ भन्ने डर थियो । सन् २००३ सम्म पढाएँ । करिब चार वर्ष जति पढाएँ । त्यसपछि पटक पटक भन्नुभएको हो तर मैले समय दिन सकेन । कारणआयकरसम्बन्धी दुई वटाकार्यालय गाभिएपछि कामको भार बढी भयो । चाहना हुँदाहुँदै पढाउन सक्ने अवस्था रहेन । उहाँहरूले हरेक जसो कार्यक्रममा अहिले पनि आमन्त्रण गर्नुहुन्छ । सुरुको शिक्षक भएकाले उहाँहरूले मलाई सम्झना गर्नु हुन्छ । खुसी लाग्छ ।

# THE FIRST IT COLLEGE OF NEPAL

**1st**
IT College

**12000+**
Alumni

**25+**
Years of Experience

**90%+**
Employability

**100%**
Placement Assured

upto
**100%**
Scholarship

# The Five "I"s Model of APU

**INNOVATION**
through the design of curriculum, the module content and the learning approaches

**INFORMATION**
through developing your knowledge and also your abilities to communicate effectively and persuasively

**IMAGINATION**
in relation to new products, ideas, applications and solutions

**INTEGRATION**
through developing your capabilities to interrelate knowledge and to work in multi-disciplinary teams

**INTERRACTIVITY**
through the use of group work to develop your teamwork skills and through the use of technology to achieve interactivity of devices and people

# मुलुकमा उच्च शिक्षाको तस्बिर र सुधारको मार्ग

डा. हरिप्रसाद लम्साल

**विषय प्रवेश**

मुलुकभर हाल १३ वटा विश्वविद्यालय कानुनबमोजिम सञ्चालनमा छन् । तीमध्ये ११ वटाले मात्र शैक्षिक कार्यक्रम सञ्चालन गरेका छन् बाँकी दुईवटाले कार्यक्रम सञ्चालन गर्ने तयारीमा छन् । यी बाहेक छवटा चिकित्सा शिक्षाका प्रतिष्ठान छन् भने केही प्रदेश तहमा पनि विश्वविद्यालय र प्रतिष्ठान खुलिसकेका छन् । विश्वविद्यालय अनुदान आयोगको प्रतिवेदनअनुसार सङ्घीय तहबाट खुलेका विश्वविद्यालय र प्रतिष्ठानका शैक्षिक कार्यक्रममा जम्मा चार लाख ६० हजार विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयका आङ्गिक क्याम्पसमा कुल विद्यार्थीको लगभग ३६.५१ प्रतिशत र सम्बन्धन प्राप्त क्याम्पसमा ६३.४९ प्रतिशत विद्यार्थी अध्ययनरत छन् । उच्च शिक्षामा भर्ना दर औषतमा १७.७७ प्रतिशत छ । हालैका वर्षहरूमा प्रदेश तहमा पनि विश्वविद्यालय र प्रतिष्ठान खुलेका छन् जसको सङ्ख्या सात रहेको छ । यी संस्था शैक्षिक कार्यक्रम सञ्चालन गर्न सुरू गरेका छन् । साथै केही प्रदेशले विश्वविद्यालय खोल्न कामलाई अगाडि बढाएका छन् ।

विश्वविद्यालय शिक्षाको पाठ्यक्रम, सिकाइ विधि, प्रविधि र प्रक्रियामा समयानुकूल सुधार, समय तालिकाको निमार्ण तथा कार्यान्वयन अगाडि बढाइएको सबैले भनिआएको विषय हो । उच्च शिक्षा प्रदायक शिक्षण संस्थाका लागि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली पनि कार्यान्वयनमा छ । उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउँदै सीपलाई उत्पादन र रोजगारमा जोड्दै वैज्ञानिक, प्राविधिक र व्यावसायिकताको विकास गर्दै लैजाने भनिएको छ । नीतिगत रूपमा यस्ता विषयमा स्पष्टता छ भन्न सकिन्छ । यस लेखमा नेपालको उच्च शिक्षामा हालसम्म हासिल गरिएका केही उपलब्धि एवं समस्या तथा चुनौतीका साथमा अबका दिनमा गर्नुपर्ने कार्यका बारेमा पनि केही विवेचना गर्न खोजिएको छ । अझ विशिष्ट रूपमा भन्नुपर्दा सिद्धान्त र व्यवहारमा के कस्तो भइरहेछ भन्ने विषयको चर्चा यस लेखमा गरिएको छ ।

मुलुकमा उच्च शिक्षामा प्राप्त अवसरलाई मुख्यत चारवटा शीर्षकमा राखेर हेर्न सकिन्छ । स्वदेशका विश्वविद्यालय तथा प्रतिष्ठानमा सन्चलित शैक्षिक कार्यक्रम, मुलुकमा सञ्चालित विदेशी शैक्षिक संस्थाका कार्यक्रम, विदेशमा गएर अध्ययन गरिने विदेशी शैक्षिक संस्थाका शैक्षिक कार्यक्रम र स्वदेशमा बसी अनलाइनमा अध्ययन गरिने विदेशी शैक्षिक कार्यक्रम रहेका छन् । यी शैक्षिक कार्यक्रममा सञ्चालित शैक्षिक कार्यक्रम देहायबमोजिम रहेका छन् ।

**उच्च शिक्षाको अवसर**

पहिलो अवसरः उच्च शिक्षाका लागि पहिलो अवसर स्वदेशका विश्वविद्यालय तथा प्रतिष्ठानका शैक्षिक कार्यक्रममा भर्ना भई अध्ययन गर्न पाउने हो । विश्वविद्यालय अनुदान आयोगबाट सन् २०२०।२१ मा प्रकाशित प्रतिवेदनअनुसार विश्वविद्यालयअन्तर्गत उच्च शिक्षामा लगभग ४१९ वटा शैक्षिक कार्यक्रम सञ्चालनमा छन् । विधागत हिसाबले मूलत व्यवस्थापन, शिक्षा, चिकित्सा शिक्षा, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, मानविकी, कानुनआदि रहेका छन् । हरेक विधाभित्र फरक फरक खालका शैक्षिक कार्यक्रम सञ्चालनमा छन् । विधागत रूपमा उच्च शिक्षामा विद्यार्थी भर्नादरको अवस्था देहायबमोजिम रहेको छ ।

चार्ट १ः विधागत रूपमा विद्यार्थी भर्नाको अवस्था




*स्रोतः विश्वविद्यालय अनुदान आयोग २०७७/७८ (सन् २०२०।२१)*

चार्ट २ साधारण र प्राविधिक विधागतरूपमा विद्यार्थी भर्नाको अवस्था




माथिको चार्टमा देखाएअनुसार व्यवस्थापन सङ्कायमा सबैभन्दा बढी विद्यार्थी भर्ना भएका छन् । अझ खासगरी साधारण अर्थात् ननप्राविधिक विषयमा भर्ना हुनेको सङ्ख्या अधिक छ। प्राविधिक शिक्षामा विद्यार्थी भर्नादर कुल भर्नाको एकतिहाइ पनि नभएको देखिन्छ। उच्च शिक्षाको भर्नामध्ये ७९.२८ प्रतिशत साधारण शिक्षामा छ भने मात्र २०.७२ प्रतिशत प्राविधिक शिक्षामा छ। विधागत रूपमा हेर्दा व्यवस्थापनमा ४६.२४ प्रतिशत, शिक्षामा २२.१८ प्रतिशत, मानविकी ७.९८ प्रतिशत, विज्ञान तथा प्रविधि ८.३ प्रतिशत, मेडिसिन ५.३८ प्रतिशत, र इन्जिनियरिङ ५.५६ प्रतिशत रहेको छ । कुल विद्यार्थी भर्नामा लगभग ७५.३५ प्रतिशतजति हिस्सा त्रिभुवन विश्वविद्यालयले बहन गरेको छ।

उच्च शिक्षाको सन्दर्भमा जम्मा जनसङ्ख्या वा उच्च शिक्षा अध्ययन गर्ने सङ्ख्याको तुलनामा हेरिने अनुपातले अर्थ दिनसक्छ। विद्यार्थी भर्नालाई भूगोल वा जनसङ्ख्या वा अन्य सूचकसँग तुलना गर्नको सकेको अवस्थामा प्रदेशगत भर्नाले प्रदेश विकासको अर्थ दिनसक्छ। प्रदेशगत रूपमा विद्यार्थी भर्नाको अवस्था देहायको चार्टमा दिइएको छ।

चार्ट ३: प्रदेशगत रूपमा विद्यार्थी भर्नाको अवस्था




*स्रोत: विश्वविद्यालय अनुदान आयोग* २०७७/७८ (सन् २०२०/२१)

प्रदेशगत रूपमा जनसङ्ख्याको हिस्सा फरक फरक छ। तर यसको तुलनामा विद्यार्थी भर्नाको अवस्था केकस्तो छ खोजीको विषय हुनसक्छ। नेपालको सन्दर्भमा उच्च शिक्षाको अवसर सबै प्रदेशमा एकनासको छैन। क्याम्पसमा हुने भौतिक पहुँच र विषय अध्ययन हुने अवसरमा असमानता छ।

हिमाल, पहाड र तराइक्षेत्र वर्गीकरण गरेर भौगोलिक एवं ती क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको तुलनामा विद्यार्थी भर्नाको अवस्थाले पनि पहुँच र अवसरको एक खालको चित्र दिन्छ । देहायको तालिकामा भूगोलगत रूपमा मलुकका क्याम्पस एवं विद्यार्थीसम्बन्धी विवरण र जनसङ्ख्याको हिस्सा दिइएको छ।

तालिका नं. १: क्याम्पस, विद्यार्थी र जनसङ्ख्याको विवरण (प्रतिशतमा)

| भौगोलिक क्षेत्र | क्याम्पस प्रतिशत | विद्यार्थी प्रतिशत | जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|
| हिमाल | ७७ (५.३६) | १०६२७ (२.२८) | १७७८१०४ (६०.९) |
| पहाड | ८४४ (५८.७३) | २८१५५७ (६०.३१) | ११७४८५४८ (४०.२५) |
| तराई | ५१६ (३५.९१) | १७४६४४ (३७.४१) | १५६६५८२८ (५३.६६) |
| जम्मा | १४३७ (१००) | ४६६८२८ (१००) | २९१९२४८० (१००) |

(*स्रोत: विश्वविद्यालय अनुदान आयोग* २०७६/७७ (सन् २०२०) र केन्द्रिय तथ्याङ्क विभाग, २०७८)

विगत केही वर्षमा विदेशमा अध्ययन गर्न जाने विद्यार्थी सङ्ख्या बढेको छ। तापनि मुलुकको उच्च शिक्षामा भर्ना हुने विद्यार्थी सङ्ख्यामा खासै ठूलो गिरावट आएको छैन्। यसैगरी शिक्षक सङ्ख्या त विगत धेरै वर्षदेखि खासै परिवर्तन भएको छैन। विगत छ वर्षको क्याम्पस तथा विद्यार्थी एवं शिक्षकसम्बन्धी विवरण देहायबमोजिम रहेको छ।

तालिका नं. २: उच्च शिक्षाको शैक्षिक विवरण

| | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० |
|---|---|---|---|---|---|---|
| विद्यार्थी | ३९५३६५ | ३६१०७७ | ३७११८४ | ४२३९९६ | ४४१८१९ | ४६६८२८ |
| छात्रा | २०७१५८ | १८८६०४ | १९५१३३ | २२२९८१ | २२९९६१ | २४७३७० |
| शिक्षक | ९१५७ | ९२९९ | ९२९९ | ९२६९ | ९६७७ | ११७४८ |
| उत्तीर्ण | ७७५७९ | ९०४२८ | ९०९२२ | ८८११५ | ८४५१० | ७९५४१ |
| क्याम्पस | १३६९ | १४०७ | १४०८ | १४२५ | १४३२ | १४३७ |

*स्रोतः विश्वविद्यालय अनुदान आयोग* २०७६/७७ (सन् २०२०)

संवत् २००७ सालबाट सुरु भएको नेपालको शिक्षा र २०१६ सालबाट सुरु भएको उच्च शिक्षाको इतिहासमा एउटा मुख्य परिवर्तन भनेको शिक्षा सीमित व्यक्तिको पहुँचबाट आमनागरिकको पहुँचमा पुगेको छ। तर पहुँच समन्यायिक छैन। सेवा सुविधाको असमान वितरण छ। जसले लैजान सक्यो उसैको नजिकमा उच्च शिक्षाका शैक्षिक संस्था स्थापना एवं सञ्चालन भए भन्दा खासै फरक नपर्ला। किनकी नेपालमा शैक्षिक संस्थाको विकास योजनाबद्ध ढङ्गबाट भएको थिएन र छैन पनि। नक्शाङ्कनका आधारमा भएको छैन। प्राविधिक शिक्षा महँगो हुने कारणले पनि अधिक स्थानमा साधारण शिक्षामात्र विस्तारित भइरह्यो। अहिले पनि मुलुकमा प्राविधिक शिक्षाको पहुँच अत्यन्त न्यून छ। केही मात्रामा भएका प्राविधिक विषय अध्यापन गराउने भएका शैक्षिक संस्था पनि सहर केन्द्रित छन्।

**दोस्रो अवसर**ः मुलुकभित्र सञ्चालित विदेशी शैक्षिक कार्यक्रम उच्च शिक्षा अध्ययन गर्न चाहनेका लागि दोश्रो अवसरका रूपमा रहेको छ। हाल मुलुकमा लगभग ८५ वटा विदेशी शिक्षण संस्थाका कार्यक्रम सञ्चालित छन्। यिनमा करीब २० हजार विद्यार्थी अध्ययनरत छन्। विगत तीन वर्षको तथ्याङ्क हेर्ने हो भने यस्ता संस्थामा पनि विद्यार्थी सङ्ख्या खासै बढेको देखिँदैन। हुन त यस अवधिमा नयाँ संस्थाले नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अनुमति पाएका छैनन्। तर केही संस्थाले भने थप कक्षाका लागि अनुमति भने यस अवधिमा पाएका छन्।

**तेस्रो अवसर**ः उच्च शिक्षाको तेस्रो अवसर विदेशमा गई अध्ययन गर्ने हो। नेपाली विद्यार्थी विदेशी मुलुकमा अध्ययन गर्न जाने क्रम बढेको देखिन्छ। यसरी अध्ययन गर्न जाँदा सरकारसँग अनुमति अर्थात् नो अब्जेक्सन लेटर लिनुपर्ने प्रावधान छ। भारतसँग खुला सीमाना भएका कारणले विद्यार्थी नो अब्जेक्सन लेटर नलिइकन त्यहाँ अध्ययन गर्न जाने गरेको पाइन्छ। आर्थिक वर्ष २०७८।७९ मा एक लाख दुई हजार पाँच सय र आव २०७९।८० मा एक लाख १० हजार २१७ विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र लिएका छन्। अहिले त दिनमा सरदर तीन सय जनाले यस्तो लेटर लिने गरेका छन्। वैदेशिक रोजगारमा विदेश काम गर्न जानेको सङ्ख्या प्रतिदिन लगभग दुई हजार दुई सय जति छ। यसरी दिनमा लगभग साढे दुई हजारभन्दा बढी नेपाली विदेसिइ रहेका छन्। डा. अच्युत वाग्लेले २०७९ चैत्र २० को कान्तिपुर दैनिकमा उल्लेख गरेअनुसार आर्थिक वर्ष २०७९।८० को पहिलो सात महिनामा विदेसिने विद्यार्थीले लगेको ४३ अर्ब ७४ करोड रुपियाँसमेत गरी ६२ अर्ब ५७ करोड रुपियाँ बाहिरिएको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ, वास्तविक बाहिरिने रकम वर्षमा तीन अर्ब ३० करोड अमेरिकी डलरभन्दा धेरै हुने अनुमान गरिन्छ। विदेशमा काम र अध्ययन गर्न जानेको विवरण तथा यसले समाज एवं मुलुकमा पारेको असरको विश्लेषण उमेश चौहानले २०८० साउन ३० गते सोमबारको कान्तिपुर दैनिकको विचार स्तम्भमा लेखमार्फत उजागर गर्नुभएको छ।

विगत केही वर्षमा विदेश जानका लागि नो अब्जेक्सन लेटर प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या देहायबमोजिम रहेको छ। विदेशिने वास्तविक रकमको मात्रा ठूलो छ।




*स्रोतः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको अप्रकाशित विवरण २०८०*

विदेश अध्ययनका लागि जान चाहने विद्यार्थीको यस्तो ग्राफ हरेक वर्ष उकालो लाग्ने क्रममा रहेको देखिन्छ । माथिको चार्टमा उल्लेख गरिएको विवरण नो अब्जेक्सन लेटर लिनेको हो, तर यीमध्ये के कति विदेश गए र के कति बाँकी छन् भन्ने विवरण उपलब्ध भएको देखिँदैन ।

चौथो अवसरः मुलुकभित्र बसी विदेशी शैक्षिक संस्थामा दूर शिक्षा वा भर्चुअल माध्यमबाट उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी के कति जना छन् भन्ने विवरण अहिले पाउन सकिँदैन् । सामान्यतया यसरी अध्ययन गर्दा पनि विद्यार्थीले नो अब्जेक्सन लेटर लिनुपर्ने हो । तर व्यवहारमा यस्तो लेटर लिएको पाइँदैन् । यस्ता कार्यक्रमको नियमन त शिक्षा मन्त्रालयले गर्नुपर्ने हो तर आवश्यक कार्यविधि र संरचनाको अभावमा प्रभावकारी रूपबाट नियमन र अनुगमन हुन सकेको छैन । अझ कोभिड-१९ पछि दूर शिक्षा वा भर्चुअल माध्यमबाट उच्च शिक्षा लिनेको सङ्ख्या बढेको हुनसक्छ । कसले के कस्ता कार्यक्रममा अध्ययन गरेका छन् भनेर हेर्न र अनुगमन गर्नका लागि एकीकृत प्रणाली बनाउनै बाँकी छ । यसबाट के कति रकम बाहिरिएको छ भनेर हिसाब अनुमान गर्न पनि सकिएको छैन ।

**देखिएका र लुकेका समस्या**

नेपालको उच्च शिक्षामा विद्यार्थी घटन थालेको चिन्ताले यतिबेला सबैलाई पिरोल्न थालेको छ । तथापि यो समस्या एकै दिनमा घटेको कारणले सिर्जना भएको भने होइन । विगतदेखि हाम्रै अवस्थाको परिणाम स्वरूप नतिजा अहिले देखिएको मात्र हो । यहाँ सतहमा देखिएका समस्याका बारेमा मात्र चर्चा हुने गर्दछ । भित्रभित्रै धेरै समस्या छन् । तर समस्यालाई गहिरोसँग चिरफार गरेर यसको कारण खोज्ने र सोको निदान गर्ने व्यवस्था हुनसकेको छैन ।

मुलुकको उच्च शिक्षामा के कति विद्यार्थी हुनु पर्ने हो ? के कक्षा १२ पूरा गरेका सबैलाई उच्च शिक्षा पढाउनुपर्ने हो ? अहिले कक्षा १२ पूरा गरेका विद्यार्थी कता गइरहेका छन् ? र कहाँ जानुपर्थ्यो ? भोलिका दिनमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी के कति हुनसक्लान् ? हामीलाई के कति उच्च शिक्षाका शैक्षिक संस्था चाहिने हो ? के कति विश्वविद्यालय चाहिने हो ? के कति प्रतिष्ठान चाहिने हो ? विद्यार्थीले नो अब्जेक्सन लिएर विदेश पढ्नै गएका हुन कि अन्य काममा संलग्न छन् ? कतै नो अब्जेक्सन लेटर विदेश जानका लागि मात्र प्रयोग भएर दुरूपयोग भइरहेको त छैन ? विदेश अध्ययन गर्नै भनेर गएकाहरू के कस्ता विषय अध्ययन गर्न गएका छन् ? विदेश गएकामध्ये के कति विद्यार्थी फर्केका छन् त ? उच्च शिक्षासँग जोडिएका यी र यस्ता थुप्रै प्रश्न छन् जसका बारेमा गहन अध्ययन र सूक्ष्म विश्लेषण चाहिन्छ । कम अध्ययन, अनुसन्धान वा अखबारमा आएका खबरका आधारमा तर्कको विकास गर्ने कार्यले समस्या अझ बल्झाउन सक्छ ।

समग्रमा उच्च शिक्षा कमजोर छ । कमजोर हुने यात्रामा छ । शैक्षिक क्यालेण्डरको पालनामा नियमितता देखिँदैन । त्यसमा पनि सरकारी वा सामुदायिक शैक्षिक संस्थाहरू केही अपवादबाहेक अझ झन कमजोर छन् । यस्ता संस्थामा विद्यार्थी सङ्ख्याको उपस्थिति पनि थप कमजोर बन्दै गएको देखिन्छ । यस्ता शैक्षिक संस्थामध्ये धेरै जीर्ण पूर्वाधार र अभावै अभावमा सञ्चालित छन् । केही आङ्गिक क्याम्पसमा पूर्वाधार तुलनात्मक रूपमा ठिक छ तर विद्यार्थी सङ्ख्या र शैक्षिकस्तर यहाँ पनि कमजोर नै छ ।

तालिका नं. ३: विभिन्न प्रकारका क्याम्पसहरूमा विद्यार्थी भर्नाको अवस्था

| क्र.सं. | प्रदेश | क्याम्पस सङ्ख्या | | | | सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थी |
|---|---|---|---|---|---|---|
| | | आङ्गिक | सामुदायिक | निजी | जम्मा | |
| १ | कोशी प्रदेश | २५ | ८१ | ९२ | १९८ | २२,७१० (१६.९४ प्रतिशत) |
| २ | मधेस प्रदेश | ९ | ४१ | ७३ | १२३ | १३,२०० (९.८५ प्रतिशत) |
| ३ | बागमती प्रदेश | ४६ | १७० | ४१२ | ६२८ | ३९,९०८ (२९.७७ प्रतिशत) |
| ४ | गण्डकी प्रदेश | १७ | ८३ | ५२ | १५२ | १६,०९५ (१२.०१ प्रतिशत) |
| ५ | लुम्बिनी प्रदेश | १९ | ८८ | ८१ | १८८ | २४,४९० (१८.२७ प्रतिशत) |
| ६ | कर्णाली प्रदेश | १३ | २५ | १८ | ५६ | ६,८७८ (५.१३ प्रतिशत) |
| ७ | सुदूरपश्चिम प्रदेश | २१ | ४९ | २५ | ९५ | १०,७६३ (८.०३ प्रतिशत) |
| जम्मा | १५० | ५३७ | ७५३ | १४४० | १,३४,०४४ (१०० प्रतिशत) | |

*स्रोतः विश्वविद्यालय अनुदान आयोगबाट वितरित कार्यपत्र २०८०*

हाल मुलुकमा प्राविधिक र निश्चित विषयबाहेक अन्यको सन्दर्भमा कुन शैक्षिक संस्थाले के कति विद्यार्थी पढाउन पाउँछ भन्नेमा एकरूपता छैन । जति जना विद्यार्थी भर्ना भए तिनलाई पढाउने व्यवस्था रहेजस्तो देखिन्छ । यसैगरी के कस्ता शैक्षिक संस्थाले के कस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने हो ? के मागकै आधारमा उच्च शिक्षाका शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाइने हो ? यस्ता खालका प्रश्नमा खासै बहस प्रवेश गरेकै छैन ।

अत्यन्त कम विद्यार्थी लिएर शैक्षिक कार्यक्रम सञ्चालन गर्दा दुईवटा जोखिम रहन्छ । पहिलो, मापदण्ड पूरा गरेर सञ्चालन गर्ने हो भने प्रतिविद्यार्थी लागत अत्यन्त बढी हुनसक्छ । यसैगरी दोस्रोमा कम लागतमा पढाउनु भनेको न्यून शिक्षक, कमजोर शिक्षक, कमजोर मापदण्डमा रही काम गर्नु हो । यसो गर्दा विद्यार्थीले जेजस्तो शैक्षिक वातावरण पाउनुपर्ने हो सो प्राप्त गर्न सक्दैनन् । सिकाइ थप कमजोर बन्न सक्छ । यी दुई जोखिममध्ये हाम्रा अधिक शैक्षिक संस्था दोस्रो विकल्पमा रही कार्यक्रम सञ्चालन गर्न बाध्य छन् । देहायको तालिकाले हालका क्याम्पसमा भएका विद्यार्थी सङ्ख्याको अनुपात दिइएको छ ।

तालिका न ४: क्याम्पस र विद्यार्थीको अनुपात

| क्याम्पसको प्रकार | विद्यार्थी सङ्ख्या | | | |
|---|---|---|---|---|
| | १०० सम्म | १०१-२०० सम्म | २०१-५०० सम्म | ५०१ भन्दा बढी |
| आङ्गिक | २१ | २१ | २९ | ६९ |
| सामुदायिक | २१८ | १२१ | ११५ | ७० |
| निजी | ३८५ | १३५ | १६४ | ९२ |
| कुल | ६२४ | २७७ | ३०८ | २३१ |

*स्रोतः विश्वविद्यालय अनुदान आयोगबाट वितरित कार्यपत्र २०८०*

थोरै विद्यार्थी लिएर शैक्षिक कार्यक्रम सञ्चालन गर्ने शैक्षिक संस्थाको विवरण माथिको तालिकामा दिइएको छ । यीमध्ये के कति विद्यार्थी नियमित हुनसकेका होलान् ? यसले पनि हाम्रो उच्च शिक्षाको अवस्था दयनीय छ भनेर इँगित गर्दछ ।

यसैगरी उच्च शिक्षामा बजेटको मात्रा पनि कम छ । अनुसन्धानमा जोड दिन सकिएको छैन । सहजै देखिने भर्नादर लगभग १५ प्रतिशत जति छ । भर्ना भएकामध्ये के कतिले पूरा गरेका छन् भन्ने अवस्था पनि कमजोर छ । उत्तीर्ण प्रतिशत हेर्ने हो भने एक तिहाइ विद्यार्थी पनि हरेक वर्ष उत्तीर्ण भएको पाइँदैन् । उच्च शिक्षामा छात्रा प्रतिशत बजेट विनियोजनको अवस्था र त्रिविको परीक्षाको नतिजाको अवस्था देहायबमोजिम रहेको छ ।

चार्ट ५: उच्च शिक्षामा छात्रा प्रतिशत बजेट विनियोजनको अवस्था र त्रिवि परीक्षा नतिजा अवस्था




*स्रोतः विश्वविद्यालय अनुदान आयोग* २०७७/७८ (सन् २०२१)

**अवस्थाको विश्लेषण र अबको बाटो**

उद्योग कलकारखाना एवं सेवा क्षेत्रभित्रको विस्तारले उच्च शिक्षालाई निर्देशित गर्छ कि उच्च शिक्षाले यी क्षेत्रलाई प्रभाव पार्छ ? यसमा दुवै मत हुनसक्छन् । तर अहिलेको सन्दर्भमा पहिलोको प्रभाव बढी हुने देखिन्छ । अहिले त उच्च शिक्षालाई बजारले अधिक मात्रामा निर्देशित गरिरहेको छ । बजारले उच्च शिक्षालाई निर्देशितमात्र होइन कि नियन्त्रण नै गरिरहेको छ भन्दा हुन्छ । बजारमा जे जस्ता रोजगारी एवं स्वरोजगारीका अवसर उपलब्ध हुन्छन्, उच्च शिक्षा प्रणाली त्यससँग मिल्ने जनशक्ति उत्पादन गर्न बाध्य भइरहेको छ । मुलुकमा आर्थिक वृद्धि हासिल गर्न हो भने यसबाट उच्च शिक्षा अछुतो रहन सक्दैन । यसैगरी उच्च शिक्षाको विकास हुने हो भने आर्थिक वृद्धि सकारात्मक रूपमा प्रभावित हुनसक्छ । यी दुवै विषय एकआपसमा अन्तर सम्बन्धित छन् तर उच्च शिक्षा एक्लैले आर्थिक वृद्धि गरि हाल्छ भन्ने चाहिँ होइन ।

हाल मुलुकमा कक्षा १२ पछि उच्च शिक्षा अध्ययन गर्न विदेश जानेको लहर नै चलेको छ । उच्च शिक्षा अध्ययन र विदेश सबैको चाहनामा पर्न थालेको छ । यसरी विदेश जान चाहनेमध्ये धेरै जना स्नातक तहमा अध्ययन गर्न जाने हुन्छन् । विद्यालय शिक्षा अर्थात् बालबालिकाको उमेर रहँदासम्म मुलुकमा रहने र जब युवावस्थामा प्रवेश गर्ने उमेर आउँछ अनि विदेश जाने प्रवृत्तिले मुलुकको उच्च शैक्षिक संस्थामा विद्यार्थी सङ्ख्या घट्नेमात्र नभई यसको सामाजिक, सांस्कृतिक, आर्थिक र समग्र उत्पादनमा क्षेत्रमा असर पर्ने निश्चित छ । यस्तो असर भोलिका दिनमा अझ टडकारो रूपमा सतहमा आउन सक्छन् । साना उमेर वा हेरचाह र संरक्षण गर्ने उमेरसम्म मुलुकको स्रोत र सधान प्रयोग गर्ने अनि घरपरिवार, समाज र मुलुकलाई केही प्रतिफल दिने समयमा मुलुक बाहिर जाने र नफर्कने अवस्थाले मुलुकलाई कहाँ पुर्याउला ?

यसले ल्याएको अर्को विकराल अवस्था सामाजिक क्षेत्रमा छ । यस्तो अवस्थाको नकारात्मक असर अहिले देखिँदैन । तर दीर्घकालमा मुलुकलाई अझ परनिर्भर बनाउने देखिन्छ । युवा उमेरका जनसङ्ख्या बाहिर र काम गर्न नसक्ने तथा आश्रित जनसङ्ख्यामात्र मुलुकमा रहने अवस्थाले अर्थतन्त्रमा मात्र नभएर मुलुकको भावी जनसङ्ख्याको सन्तुलनमा समेत प्रभाव पार्ने देखिन्छ । मुलुकका विश्वविद्यालयका शैक्षिक कार्यक्रम र माथि उल्लेख गरिएका चारवटै विकल्प के एकआपसका प्रतिस्पर्धी हुन् त ? यी सबै अवसरको प्लेइङ फिल्ड एउटै हो । जब एउटै फिल्डमा खेल्न थालिन्छ एक आपसमा प्रतिस्पर्धा त भइहाल्छ ।

अच्युत वाग्लेले २०७९ चैत्र २० गतेको कान्तिपुर दैनिकमा यसरी थला पर्यो उच्च शिक्षा शीर्षकमा मुलुकको उच्च शिक्षामा रहेका नीतिगत एवं संरचनागत समस्या केलाउनुभएको छ । यस लेखमा नीतिका कारण सिर्जना भएका समस्या, विश्विवद्यालयभित्रका समस्या एवं यसबाट भविष्यमा पर्नसक्ने असरसमेत केलाइएको छ । उनका अनुसार समयमै यस्ता समस्या सम्बोधन नगर्ने हो भने समस्या अझ बल्झदै जाने देखिन्छ ।

नेपालको उच्च शिक्षामा सुधार गर्न धेरै काम गर्नुपर्ने हुन्छ । यी कामलाई दुई भागमा बाँड्न उपयुक्त हुन्छ । सर्वप्रथम भएका कानुनको पालना गरी नियमन बलियो बनाउने, अनुसन्धानमा जोड दिने, परीक्षा र मूल्याङ्कनमा जोड दिने, स्रोतको समुचित परिचालनमा जोड दिने जस्ता कार्यक्रममा ध्यान दिनुपर्छ । दीर्घकालमा लागि नेपालको उच्च शिक्षामा केही संरचनात्मक परिवर्तन गर्नुपर्छ । केही सैद्बान्तिक आधारमा प्रवेश गरी समस्या निराकरणका लागि लाग्नुपर्छ । समग्र उच्च शिक्षाको पुर्नसंरचना गर्नुपर्छ । यसमध्ये केही उपाय देहायमा उल्लेख गरिएका छन् ।

१. **लगानीको ढाँचा**: उच्च शिक्षाका सबै विधा र विषयमा सरकारको खर्चले मात्र धान्न सक्दैन् । उच्च शिक्षा सेवामूलक व्यवसाय हो । यसलाई कम्पनीले सञ्चालन गर्दा पनि हुन्छ, विद्यार्थीबाट शुल्क लिँदा हुन्छ, दाताबाट सहयोग लिँदा पनि हुन्छ । तर यसको स्रोत व्यवस्थापन र गभर्नेन्स सार्वजनिक चरित्रको हुनुपर्छ । समग्र व्यवस्थापन एवं गभर्नेन्स निजी मोडलमा र स्रोत व्यवस्थापनको गभर्नेन्स सार्वजनिक स्वरूप वा चरित्रमा हुनुपर्छ । यसले सञ्चालनमा पूर्ण स्वायत्तता हुन्छ तर स्रोत र खर्च व्यवस्थापन पूर्ण रूपमा सार्वजनिक अर्थात् सरकारी नर्म्स र मापदण्डबमोजिम गर्न सहयोग गर्छ । खर्च व्यवस्थापन निश्चित विधि, पद्बति र मानकमा हुन जान्छ । लाभका सम्वन्धमा कानुनमा नै व्यवस्था गर्नुपर्छ । यही मोडल उच्च शिक्षामा निजी क्षेत्रलाई भित्र्याउने उपयुक्त विधि हुनसक्छ । अहिलेका पदाधिकारी मोडल र संरचनामा परिवर्तन गरेर निजी मोडलको व्यवस्थापकीय शैली चाहिन्छ ।

२. **गभर्नेन्स मोडलमा पुनर्विचार**: हाल उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय र प्रतिष्ठानको गभर्नेन्स संरचना एकै प्रकृति वा स्वभावको छ । राजाको प्रत्यक्ष शासन कालमा त्रिभुवन विश्वविद्यालयको संरचना बनाइयो । कुलपति, उपकुलपति, रेक्टर, रजिष्ट्रार, डिन, सहायक डिन, विभागीय प्रमुख पदाधिकारी एवं कार्यकारी परिषद्, प्राज्ञिक परिषद् लगायतका समिति र संरचना बनाइए । बहुदल र गणतन्त्र कालमा पनि यही मोडल अपनाइयो । संवत् २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको संरचना र पद एक ढङ्ग वा तात्कालीन अवस्थालाई ध्यानमा राखेर गरियो होला । तर नयाँ विश्विवद्यालको ढाँचामा पनि यही किन भन्ने प्रश्नको उत्तर छैन । आखिर यस्तो किन ?

हुनत संसारलाई विश्वविद्यालयको गभर्नेन्समा दुई मोडल अभ्यासमा छन् भनिन्छ । अमेरिकी मोडलमा अध्यक्ष प्रणाली अवलम्वन गरिन्छ भने वेलायती मोडलमा कुलपति, उपकुलपति लगायतका पद र संरचना रहन्छन् । दुवै मोडलका आआफ्नै फाइदा र बेफाइदा छन् । दुवै मोडलका विश्वविद्यालयको कार्यसम्पादन स्तर राम्रो नै छ । समस्या मोडलमा नभएर पदमा रहनेको आचरण र स्वभावमा पो हो कि भन्ने सोच्न बाध्य बनाएको छ ।

नेपालको गभर्नेस मोडल वेलायती ढाँचामा आधारित छ । अनुदान व्यवस्था एवं स्तर निर्धारणका मापदण्ड विकास र कार्यान्वयनका लागि विश्वविद्यालय अनुदान स्थापना गरियो । यस निकायले सार्थक उपस्थिति देखाउन हम्मेहम्मे परेको छ । यसो हुनुमा कानुनमा नै अधिकार नभएर हो कि भएको अधिकार प्रयोग गर्न नसकेर हो ? थप बहस एवं अनुसन्धान चाहिन सक्छ । विश्वविद्यालय अनुदान आयोगको भूमिका बारेमा गहन ढङ्गबाट विश्लेषण आवश्यक छ ।

नेपाललाई कुन मोडलको गभर्नेन्स ढाँचा चाहिन्छ त ? बहसमा समय समयमा बोर्ड अफ ट्रस्टिज बनाउने भनिएको पाइन्छ । कानुन बनाएर विश्वविद्यालय सञ्चालनको अधिकार बोर्ड अफ ट्रस्टिजलाई दिनुपर्छ भन्ने मत पनि सुनिन्छ । सरकारी लगानीमा बोर्ड अफ ट्रस्टिजको अवधारणा के कति मात्रामा अवलम्बन हुनसक्ला ? यो आफैँमा सोचनीय विषय छ । साथै गभर्नेन्सको बारेमा बहस गरिरहँदा स्वायत्तताको परिभाषा गर्नुपर्ने देखिन्छ । यसका आयाम र सीमितताको खोजी गरी बुझाइमा एकरूपता कायम गर्नु पनि उत्तिकै आवश्यक छ । नेपालमा हाल अपनाइएको गभर्नेन्स मोडलको खास समस्या के हो ? हाल भएका पद र संरचना नमिलेर यस्तो भएको हो वा धेरै भएर समस्या आएको हो कि काम गर्ने क्षमता, सीप, शैली र नियत नमिलेर यस्तो भएको हो ? समस्या पद र संरचनामा भए मोडल बदल्दा काम हुन सक्छ । तर समस्या क्षमता, नियत र सीपमा भए पद र संरचना बदलेर निकास आउँदैन । व्यक्ति नै बदल्नुपर्छ ।

पद र संरचनाले निम्त्याएका समस्या पहिचान र निराकरण गर्न सकिन्छ । यसका लागि विभिन्न विधि र उपाय एवं औजार तय भएका छन् । निर्णयका लागि संगठनमा चुस्तपन चाहिन्छ । छरितो संरचना आवश्यक हुन्छ । एउटै काम दुई जनालाई दिएमा संगठनमा द्वन्द्वको सुरुवात हुन्छ भन्ने गरिन्छ । २०१६ सालमा बनाइएको संरचना र पदले २०८० सालसम्म आउँदासम्म पनि काम गर्छ भनेर सोच्नै नहुने हो । तसर्थ पद र संरचना कस्तो चाहिन्छ भन्नेमा वस्तुगत विश्लेषण गरेर उपयुक्त उपाय अवलम्बन गर्न सक्नुपर्छ । कामले मागेको पद र संरचना मात्र सिर्जना गर्नुपर्छ ।

यसैगरी विश्वविद्यालयमा प्राज्ञिक स्वायत्तता कायम राखेर मात्र पद र संरचना बनाउनुपर्छ । एकजना उच्च पदको पदाधिकारी कम गर्न सके खर्च घट्ने मात्र नभई संगठनमा निर्णयको तह घट्न सक्छ, द्वन्द्व पनि घट्न सक्ने सम्भावना रहन्छ । यस्ता ससाना शीर्षकमा बचत गरेको रकमलाई पूर्वाधार, शिक्षक विकास, पुस्तकालय, प्रयोगशाला जस्ता शीर्षकमा खर्च गर्न सकिन्छ । विश्वविद्यालय र प्रतिष्ठानका पदाधिकारीमा रहेको अधिकार कक्षाकोठामा अध्यापन गर्ने शिक्षकसम्म कसरी पुर्याउन सकिन्छ ? सोच्नु आवश्यक देखिन्छ । अधिकार केन्द्रिकृत गर्ने भन्दा विकेन्द्रित गर्ने मोडल खोज्नुपर्छ ।

नेपालमा अमुक दल वा संगठनमा आस्था नराख्ने व्यक्ति विरलै पाइन्छन् । सबै जनाको कतै न कतै केही न केही आस्था रहन्छन् नै । विचार हुन्छ नै । तसर्थ अहिलेसम्म भित्रभित्र दलिय सोचले काम गर्ने बाहिर मुखले राजनीति गर्दिन भन्ने संस्कारबाट बाहिर आउनुपर्छ । भर्ना प्रक्रिया राजनैतिक भएपछि राजनीतिभन्दा बाहिरका व्यक्ति पदाधिकारीमा आउँछन् नै । यो बादसँग आस्था भएका व्यक्ति पदाधिकारी भएर बिग्रने होइन । निजले गरेका कामले बिग्रने हो । पदाधिकारी राजनीतिक नियुक्ति हुनसक्ने भए । नेपाल जस्तो मुलुकमा बाद वा विचारसँग सामिप्य नभएको व्यक्ति पदमा पुग्न सक्छन् भनेर अपेक्षा गर्ने समय आइसकेको छैन ।

राजनीतिभन्दा बाहिरवाट पदाधिकारी ल्याउने हो भनेर छनोट गर्ने प्रक्रिया राजनीतिक नबनाइ नितान्त प्राविधिक बनाऔँ । स्वतन्त्र कमिसन वा आयोग बनाएर निश्चित मापदण्डका आधारमा पदाधिकारी छनोट गर्ने हो भने आस्था वा विचार भएको व्यक्ति आए पनि फरक पर्दैन । मूल विषय जवाफदेहिता कतातर्फ रहन्छ भन्ने हो । राजनीतिक प्रक्रियाबाट नियुक्ति गरेपछि नियुक्त पदाधिकारीको जवाफदेहिता राजनीतिक रूपमा नियुक्ति दिने व्यक्ति वा दलतर्फ रहनु अस्वभाविक भएन । उच्च शिक्षाको गभर्नेन्स सम्बन्धमा समस्यालाई मनन गर्न सकिएन भने अरु सुधारवाट सारमा खासै परिवर्तन आउँदैन ।

अमेरिकन काउन्सिल अन एजुकेसनका अनुसार अमेरिकी विश्वविद्यालयको गभर्नेन्स र फाइनान्सको बारेमा उल्लेख गरेअनुसार अमेरिकामा विश्वविद्यालय राज्य सरकारअन्तर्गत पर्छन् । तर सङ्घले एक्रिडिटेसन र मेम्बरसिप एशोसियसन जस्ता स्वयंसेवी निकायमार्फत नियन्त्रण कायम राखेको देखिन्छ । हाम्रो सन्दर्भमा सङ्घीयतह र प्रदेश दुवैले उच्च शिक्षा प्रदान गर्न सक्छन् । समन्वय कसरी गर्ने त ? यसमा कानूनबाट नै स्पष्ट गर्नुपर्छ ।

३. **आचारसंहिताको सार्वजनिक घोषणा र पालनाः** सार्वजनिक पद धारण गर्ने हरेक व्यक्तिलाई आफैँले आचारसंहिता घोषणा गरेर पालना गराउने व्यवस्था चाहिन्छ । व्यक्तिलाई नैतिक रूपमा जिम्मेवार बनाउने पद्धति चाहिन्छ । व्यक्ति जति माथिल्लो पदमा पुग्छ उसमा संसार हेर्ने, बुझ्ने, परिस्थितिलाई ग्रहण गर्ने, मुलुक र नागरिकतर्फको दायित्व र कर्तव्यबोध बढी हुन्छ र निजलाई स्वविवेकीय अधिकार बढी दिनुपर्छ भन्ने पुरानो विश्वास अब कायम रहेन जस्तो छ । संगठनमा रहेका सबैभन्दा उच्चदेखि तल्लो तहका कोही कसैलाई पनि स्वविवेकीय अधिकार अब दिन उपयुक्त देखिँदैन । सबैको अधिकार र कार्य क्षेत्र कानुनद्बारा नै परिभाषित गर्नुपर्ने देखियो । सबैलाई संरचनाले बाँध्नु अनिवार्य भइसक्यो । यसले कानुनको दृष्टिमा सबै समान छन् भने विश्वास जगाउन सहयोग गर्न सक्छ । विधि र प्रक्रिया तय गरेर त्यसलाई सार्वजनिक गरी सबैले पालना गर्नु गराउनुपर्छ ।

४. **क्षमता विकासः** उच्च शिक्षामा कार्यरत जनशक्तिको क्षमता विकास अर्को महत्वपूर्ण पक्ष हो । अनुसन्धान नगरिकन उच्च शिक्षामा पठनपाठन हुन सक्दैन भन्ने भाष्य निर्माण गरी सोको कार्यान्वयन अहिलेको आवश्यकता हो । यस तहको शिक्षण सिकाइसँग अनुसन्धानलाई आबद्ब गर्न सक्नुपर्छ । विद्यार्थी मूल्याङ्कन यसैमा जोड्नुपर्छ । यी सबै कार्यका लागि पेसागत जवाफदेहीताको मापदण्ड सयन्त्र र संरचना बनाउनुपर्छ ।

५. **प्रविधिको प्रयोगः** उच्च शिक्षाको शिक्षण सिकाइ क्रियाकलाप, पुस्तकालय र सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग अति आवश्यक भइसक्यो। भर्ना, रजिष्ट्रेसन, परीक्षाफल प्रकाशन एवं प्रमाणीकरण जस्ता विवरण र सेवालाई पूर्ण रूपमा प्रविधिसँग जोड्नु आवश्यक छ । अहिलेको युग प्रतिस्पर्धाको युग हो । यस्तो प्रतिस्पर्धा व्यक्तिगत तहमा मात्र सीमित नभई संस्थागत हुने सम्भावना बढ्दै गएको छ । अहिले विश्वविद्यालयका बीचमा अघोषित प्रतिस्पर्धा सुरु भइसकेको छ । विश्वमा अहिले प्रचलनमा ल्याइएका विश्वविद्यालय र्याङ्किङले यही प्रतिस्पर्धालाई बढावा दिएका छन् । अरुभन्दा अब्बल बन्ने र धेरैभन्दा धेरै विद्यार्थी र अनुसन्धानको अनुदान पाउने लोभमा यस्तो प्रतिस्पर्धा अबका दिनमा अझ बढ्ने देखिन्छ । यस्तै आशय लेप्रेभोस्ट (२०२१) आफ्नो विश्वविद्यालय र सभ्यतासम्बन्धी पुस्तकमा उल्लेख गरेका छन् । मुलुकभित्रकै विश्वविद्यालयको बीचमा प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न पनि निजी व्यवस्थापनमा जानैपर्ने अवस्था छ ।

६. **विदेशी शैक्षिक कार्यक्रमको व्यवस्थापनः** सरसरती हेर्दा नेपालमा सञ्चालित विदेशी शैक्षिक संस्थाको कार्यक्रममा माथिल्लो मध्यम र उच्च वर्गका छोराछोरी अध्ययन गर्दछन् । उपयोग र जीवनशैलीका हिसाबले यिनीहरू तुलनात्मक रूपमा राम्रो आय भएका घर परिवारमा पर्दछन् । तसर्थ विदेश अध्ययन गर्न जानेहरू बाध्यताले मात्र गएका हुन भन्ने अवस्था रहेन । साथै स्वदेशी शैक्षिक संस्थाका कार्यक्रम र मुलुकमा सञ्चालित विदेशी शैक्षिक संस्थाका कार्यक्रममध्ये धेरै कार्यक्रम उस्तैउस्तै खालका देखिन्छन् । जब मुलुकका विश्वविद्यालयका शैक्षिक क्यालेन्डरमा नियमितता आउँछ, गभर्नेन्समा सुधार हुन्छ यिनमा स्वदेशमा पढ्ने विद्यार्थीको सङ्ख्या बढ्न सक्छ । तुलनात्मक रूपमा यस्ता कार्यक्रम सस्ता हुन्छन् । केही विदेश जाने र केही कम शुल्कको स्वदेशी कार्यक्रममा जाने परिस्थिति बन्दा विदेशी शैक्षिक कार्यक्रमले आफूलाई बदल्ने बेला आएको देखिन्छ ।

विदेशी शिक्षण संस्थाका कार्यक्रम सञ्चालकहरूले नेपालमा उपलब्ध नभएका तर विश्वबजार बिक्ने शैक्षिक कार्यक्रम सञ्चालन गर्न तर्फ आफूलाई लैजानुपर्छ । यस्ता संस्थालाई नेपालमा सञ्चालित कार्यक्रम जस्तै कार्यक्रम सञ्चालन गर्न अनुमति दिएको पनि होइन । यसैगरी यिनीहरूले विदेशी विद्यार्थी आकर्षण गर्ने तर्फ पनि सोच्नुपर्छ । यसमा सरकारले पनि सहयोग गर्नुपर्छ । कार्यक्रमलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्ने खालको बनाउनुपर्छ । विदेशको कार्यक्रम भन्दैमा विद्यार्थीको आकर्षण बढन नसकेको रहेछ भन्ने दृश्य त विगतका वर्षमा शिक्षण संस्थामा भर्ना भएका विद्यार्थी सङ्ख्या हेर्दा पुग्छ ।

विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कतिपय शैक्षिक संस्थाहरुले संस्थाकै नाममा पूर्वाधार, जनशक्ति, उपकरण लगायत सम्पत्ति व्यवस्थापन गरेको पनि पाइन्छ । यस्ता संस्थाले आफूलाई अब बदल्नु आवश्यक छ । पहिलो यिनले विश्वस्तरका कार्यक्रम कसरी ल्याउन सकिन्छ भन्ने हो भने दोस्रोमा विदेशी सामान्य कार्यक्रमभन्दा स्वदेशी कार्यक्रम सञ्चालन गर्न पहल गर्ने सोच बनाउनुपर्छ । सरकारले यसमा यनीहिरूलाई सहयोग गर्नुपर्छ ।

**र अन्तमा**

नेपालमा उच्च शिक्षाको स्तर कमजोर छ । यसलाई स्वीकार गर्नुपर्छ । विदेश अध्ययन गर्न गएका नेपाली विद्यार्थी शिक्षाको स्तरको कारणले मात्र भन्दा अन्य अवसरका कारणले पनि विदेशिएका हुन सक्छन् । विकसित मुलुकमा अध्ययन र कामलाई सँगै लैजान सकिने, विदेशी डिग्री पनि हासिल हुने, अध्ययनपछिका अवसर बढी हुनाले विद्यार्थीको चाहना त्यसतर्फ हुनुलाई अस्वभाविक मान्नु पर्दैन । स्वदेशकै शैक्षिक संस्थाको निर्माणमा लाग्नुपर्छ । भविश्यको आशा मुलुकको सुशासन, लगानी, आर्थिक वृद्धिदर, आशा जगाउन सक्ने प्रणाली, शिक्षा स्वास्थ्यको अवस्थाआदि जस्ता पक्षमा निर्भर रहने भएकोले पनि विद्यार्थी विदेशिने कम गर्ने मात्र होइन बाहिर भएकाहरूलाई पनि ल्याउनेतर्फ आजैबाट पाइला चाल्नुपर्छ ।

(शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा. लम्सालका निजी विचार हुन् ।)

# विगतलाई फर्केर हेर्दा
















तत्कालीन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाद्वारा मुखपत्र **LBEF Education Times** को अनावरण गरिँदै











YOUR FUTURE IN iT
LBEF
www.lbef.org
ASSOCIATES
Annual Function
2003


LBEF


Opening Ceremony
अन्तर्राष्ट्रिय स्वयंसेवी वर्षको उपलक्ष्यमा
2001
Exhibition Hall




BRADFORD COLLEGE U.K.
THE BRITISH COUNCIL


C 62
BCA
DIT
अन्तर्राष्ट्रिय स्वयंसेवी बर्षको उपलक्ष्यमा
FAST TRACK
DIT
Diploma
Information


LORD BUDDHA
AN ENTRY LEVEL COURSE
6 MONTH DIPLOMA IN COMPUTER
For Students


Prepare For the digital Future
IT Quiz-2000
EVENT CO-ORDINATOR
LORD BUDDHA EDUCATION FOUNDATION
Maitidevi, Kathmandu




of Health Medical & Technolgical Sciences
Introduces
1. Master of Computer Application (MCA)
2. Master of Business Administration (MBA)
Manipal
INSPIRED BY LIFE




ision 2001
LBEF






YOUR FUTURE IN IT
LBEF
www.lbef.org
ASSOCIATES
Sikkim Manipal University
nnual Function
2003
CPS
Manipal


Lord Buddha Education Foundation
NEPAL
WEL COME & FAREWELL PARTY 2002
LBEF Lord Buddha Education Foundation
(College for Professional Studies)
MAITIDEVI, KATHMANDU



SMU LC Award 2008



SMU LC Award 2011




नेशनल आइसिटी स्कलरसिप पाउने छात्रछात्रालाई प्रमाणपत्र वितरण कार्यक्रम




तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यमा आयोजना गरिएको पहिलो दीक्षान्त समारोह





तत्कालिन उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यमा सम्पन्न भएको दीक्षान्त समारोह










## तत्कालीन शिक्षामन्त्री स्व. धनीराम पौड्यालद्वारा पिसिपिएस कलेजको उद्घाटन





## पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यमा सम्पन्न पिसिपिएस कलेजको दीक्षान्त समारोह









२१
LBEF


LBEF
ALUMNI MEET 2023
Token of Love
We are Proud of you
Mr. Shishir Pachhai


२१
MILAP 2nd
वर्षको साथ!!





# 1st

QS 5-Stars Plus

# Malaysian University

*1 of 20 in the world*

## ONLY Malaysian University to achieve both QS 5-Stars Plus+ Rating & being Ranked in QS World Rankings 2024

**Facts regarding APU's achievements in the latest QS World University rankings:**

- **Ranked TOP 2.2%** in the World
- **Ranked #621-630** in the World
- **Ranked No. 179** in Asia
- **Ranked No.1** for International Students in Malaysia
- **Ranked No.16** in the World for International Students
- **Ranked Top 200** for International Faculty in the World
- **Ranked among Top 13** Universities in Malaysia
- **Ranked among Top 6** Private Universities in Malaysia

*(based on QS World Ranking 2024)*


CELEBRATING
23 Years
OF EXCELLENCE


PRESS - MEET
Info-Tech


LBEF 20
Official Release
of








अक्षर
उत्सव
स्वागतम्
WELCOME
Janakpur's First ISO 9001: 2008
Certified School
www.akshar.edu.np
स्वागतम्
WELCOME
Janakpur's First ISO 9001: 2008
Certified School
www.akshar.edu.np


अक्षर

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा अध्यक्ष पंकज जालानलाई
नेशनल आइसिटी एक्सिलेन्स अवार्ड प्रदान गर्दै









तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठको
प्रमुख आतिथ्यमा सम्पन्न पिसिपिएस कलेजको दीक्षान्त समारोह




शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीको
प्रमुख आतिथ्यमा सम्पन्न पिसिपिएस कलेजको दीक्षान्त समारोह








तत्कालिन कृषि मन्त्री श्री महेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न दिक्षान्त समारोह







## तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुविर महासेठको प्रमुख आतिथ्यमा सम्पन्न दीक्षान्त समारोह






